# नेपाल र नेवाल

## मूलतः ऋग्वैदिक शब्द

शिवराज शर्मा, *व्याकरणाचार्य*




प्रकाशक :

गोर्खा पुस्तक सदन, दार्जीलिङ

रवि शाक्य, इखाछेँ, यल

# नेपाल र नेवाल

## मूलतः ऋग्वैदिक शब्द

शिवराज शर्मा, *व्याकरणाचार्य*

*प्रकाशक :*

गोर्खा पुस्तक सदन, दार्जीलिङ

*प्रकाशिका* : **अम्बिका देवी शर्मा,**
निम्ति : **गोर्खा पुस्तक सदन**, ब्लक 'सी' नं० १४
सुपरमार्केट, दार्जीलिङ

*सर्वाधिकार* : **शिवराज शर्मामा**

*संस्करण* : प्रथम, १९९८
महाशिवरात्री, वि० सं० : २०५४

*मुख्य वितरक* **राकेश 'गोर्खा'**
सरस्वती पुस्तक मन्दिर
प्रधान नगर, सिलगड़ी

*लेजर सेटिङ्ग* : **कम्प्यूसेट सेन्टर**, दार्जीलिङ

*मुद्रक* : **शर्मा प्रिन्टर्स**, सुपरमार्केट, दार्जीलिङ

# यस पुस्तिकाका[१] गुरुहरू

'शिरोमणिज्यू, नेपाल शब्दको उत्पत्तिबारे तपाईंको के विचार छ? नेपाल शब्दको अर्थ केही आउन सक्छ कि हजुर? कति देशको नाम फेरिसकेको छ। तर हाम्रो नेपालको त आदिदेखि अहिलेसम्म उस्तै रूप छ। अतः यो विशेषता भएको शब्द जस्तो हामीलाई लाग्छ।'

ठूलो आशा लिएर बडो भद्रतापूर्वक सोध्नुहुने माथिका प्रश्नकर्ता धनवज्र वज्राचार्यज्यूलाई, अति हल्कैसित, केही नसोची नविचारी, चित्त नबुझ्दो किंवा बालोचित उत्तर दिएर तर्किन खोज्नुहुने, नेपालकै नद-नदीजलाभिषिक्त मलिलो माटामा जन्म ग्रहण गर्नुभएका र फुलेफलेका, विदेशी इतिहासकारहरूले सृष्टि गरेको कतिपय कपोलकल्पित ऐतिहासिक कुराका जालमा नफसी आफ्नै पाराले सोच्न सक्नुहुने स्वदेशी गौरव, इतिहास - शिरोमणि बाबुराम आचार्य एक जना र अर्को हुन् प्रसिद्ध भारतीय इतिहासशास्त्री यदुनाथ सरकार, यस पुस्तिकाका गुरुहरू।

शिरोमणि - 'धनवज्र, म त भन्छु नेवार शब्दबाट बनेको हो।महाभारतदेखि आएर लिच्छवि सम्पर्कले गर्दा 'रेफ'-को ल भयो। 'नेवार' शब्द चाहिँ पुरानो पाइन्न, प्रताप मल्लका शिलालेखमा पाइन्छ। प्रतापमल्लको शिलालेखमा पनि जातिगत होइन; अक्षरगत हो। नेवार-आखल लेखेको छ। त्यहाँ भन्दा अरू पाइँदैन।... नेपाल शब्दको केही अर्थ आउन सक्तैन, अर्थ तान्न सकिन्न।... होइन, होइन (विशेषता भएको शब्द हुँदै होइन रे नेपाल)। त्यो त संस्कृत भाषामा पसेपछि परिवर्तन हुँदै हुँदैन।'

भनौं, पुरानो नपाइने, वि० सं० १७३१ तिर स्वर्गवास हुने प्रतापमल्लको समकालीन, अक्षरगत नेवार शब्दसित पुराना लिच्छविहरू (यस राजवंशको नेपाल-प्रवेशको सम्बन्धमा जयसवालजीले लगभग २०० ई० अनुमान गरेका छन्।)-को जबरजस्ती सम्पर्क गराएर 'ल' जन्माउन शिरोमणिज्यूले निर्धक्कसित सके तापनि ईपू० १५/१६ शताब्दीतिरै लेखिएका सुश्रुत आदि प्राचीनतम ग्रन्थहरूमा आइसकेको नेपाल शब्दको 'ल' यसरी जन्माउन दश हजार आचार्यहरू धुरिए पनि सक्ने होइनन्। विशेषता भएको हो वा होइन 'नेपाल' शब्द यसै पुस्तिकाको मूल हेरे यथेष्ट।

---

१. यस राष्ट्रिय पुनर्जागरण एवं पुनर्निर्माणको वर्तमान युगमा राष्ट्रिय इतिहास-साहित्यको श्रीवृद्धि नै प्रस्तुत पुस्तिकाको अभीष्ट।

- लेखक

यसरी आशालाग्दो केटो जेठाजु परिदिए, 'नेपाल' शब्द पछि गएर अलपत्रिने जस्तो देखें। मनमा लाग्यो दुःख। सोचें, पाँच-दशपल्ट फेरि ऋग्वेदको आवृत्ति गरौं साथै अन्य विविध पुराना ग्रन्थहरूका पाता पल्टाएर पौराणिक शैलीकाहरूको आशय बुझौं। कारण नेपाल (उपत्यका) त्यो वेदभूमि, संस्कृतभूमि हो, जहाँ दश हात गहिरो जहाँ पनि खन्दा संस्कृतमै लेखिएका र कुँदिएका अमूल्य वस्तुहरू पाइन्छन्। यसैलाई आधार बनाएर आवृत्ति गर्दै, सोच्दै, हेर्दै, पढ्दै र आफ्ना पूर्वजहरूका नित्यकृत्यप्रयोगविधिमाथि घोरिँदै जाँदा निष्कर्षमा पुगें - 'नेपाल' शब्दको 'ल' ऋग्वैदिक ध्वनि।

अर्कोतिर शाब्दिक अर्थमा शैलीले मात्र भिन्न ऋग्वेद, मूलपुराण, भाषावंशावली आदिको आशय बुझें अनि भौगर्भिक अनुसन्धानबाट पनि प्रमाणित भएका कुरा (नेपाल पूर्णतया कूपाकार भू-सन्निवेश, आदितः यही नै विशेषता भएको शब्द)-का आधारमा लेख्न शुरू गर्दा बालिको बल प्रदान गरेर मेरो डर भगाइदियो यदुनाथ सरकारका निम्न ब्रह्मवाक्यले, फलतः तयार भयो यो सानो पुस्तिका, ठूलो मोटो पुस्तक पढ्ने फुर्सत नै कसको छ र!

यदुनाथ - 'किसी राष्ट्र की सन्तानों को ऐसी सुविधाएँ प्राप्त होती हैं जिन्हें कोई भी विदेशी नहीं पा सकता। हम (अपने) ऐतिहासिक अतीत के जीवित अवतार हैं, वह अतीत हमारे खून और हमारी हड्डियों हमारे विचार और विश्वास में व्याप्त है।'

अर्को आधार-भाषा-विज्ञान - 'वस्तुतः अनुमान से ही व्युत्पत्तिका आरम्भ होता है, ध्वन्यात्मक समानता से उसे बल मिलता है तथा अर्थकी समानता से उसकी पुष्टि हो जाती है।'

**- शिवराज शर्मा**

# काटे निऽबालहः

**(१)** स्कन्दस्वामी - उद्गीथीय भाष्य - 'काट (निघ० ३.२३)' इति कूपनाम। 'निऽबालहः' इति निश्शब्दः प्रकर्षे। अतिशयेन बाध्यतेऽसौ इति निऽबालहः। कूपेऽतिसम्बाधत्वात् कूपस्याऽ तिशयेन बाध्यमानः।'

**(२)** वेङ्कटमाधवीया व्याख्या - 'काटे कूपे निऽबालहः निपतितः कूपे निबध्यमानो वा...।'

**(३)** मुद्गलीया वृत्ति - 'काटे कूपे निऽबालहः निपातितः।'

अर्थात् काट-कूप वा खाडल। निऽबालहः - निपतितः/पतितः वा दहमा डुबेको, भासिएको, फसेको, जाकिएको कुनै वस्तु वा प्राणी अथवा थलथले सिमसार परेको ठाउँतिर आधा भासिएको देखिने भू-भाग। कालान्तरमा, एउटा अनौठो विलक्षण प्रकारको देखिने बृहत् कूपाकार भू-सन्निवेश भन्ने अर्थमा रूढ निऽबालहः > निबाल।

## १. निबाल र नेपाल शब्दमा अर्थगत समानता :

**(क)** नेपाल उपत्यका सृष्टिका आरम्भमा जलमग्न थियो।

**(ख)** नेपालका भाषावंशावलीहरू - 'नेपाल उपत्यका अघि नागह्रद नामक सरोवरका पेटमा थियो।'

ऋग्वैदिक शैलीको कूप पौराणिक शैली(कल्पना अधिक गरिने)-मा भयो नागह्रद नामक सरोवर। मूलतः ऋग्वेदकै अर्थ - कूपे अतिसम्बाधत्वात् कूपस्य अतिशयेन बाध्यमानः। जुनसुकै नामको भए पनि सरोवर चाहिँ थियो।

**(ग)** काश्मीर, नेपाल, भोट आदिका अनुश्रुतिहरू - 'यो नेपाल उपत्यका अघि कुनै सरोवरका पेटमा थियो रे...।'

**(घ)** नेपाल उपत्यका पहिले ठूलो सरोवरका रूपमा रहेको भौगर्भिक अनुसन्धानबाट पनि प्रमाणित हुन्छ र पछि त्यहाँ मानिसहरूको बस्ती बसेको हुँदा नेपाल नाम रहन गएको हो।

**(ङ)** राच० ऐ० महाकाव्य- 'खाल्डो यो नयपाल कूपसरिको देखिन्छ जस्मा नित।'

**(च)** कूपाकार भू-सन्निवेशकै आशय प्रकट गर्ने पहाडतिरका बूढाखाडाहरू -'पानी सुकेर दिनदिनै बुङबुङ धूलो र गोबर उड्न थालेको भैंसीको ठूलो पुरानो आहाल (पोखरी), गैरीचोक, गैरीखर्क, गैरीगाउँ वा खन्चे टारः नेपाल।'

**(छ)** हाम्रा नयाँ-पुराना कवि, लेखक, इतिहासकार, भूगोलवेत्ता, तत्त्ववेत्ता, शास्त्रवेत्ता, धर्मविद्, धर्मत्राता, धर्मद्रोही, धर्मध्वजी, धर्माधिकारी, पीठाध्यक्ष, गुरु-पुरोहित, योगी-सन्न्यासी, आबालवृद्धवनिता आदिका ब्रह्ममा पनि पुरानो नेपाल (उपत्यकाभित्र सीमित) भन्दा एउटा अनौठो प्रकारको ठूलो खाल्डो नै फुर्थ्यो र अहिलेकाहरूका ब्रह्ममा पनि नफुर्ने होइन।

**(ज)** वायुपुराण - 'वेद भगवान्को एउटा आँखो[१] : नेपालपीठ।' शैली मात्र भिन्न, मूलार्थ एउटै। तुलनीय - आँखाको आकृति (गहिराइ) र कूपाकार भू-सन्निवेश। प्रकटलाई गोप्य राखिने शैलीको 'गाउँ खाने कथा' -मा हामी पनि आँखालाई गोप्य राखेर कूवाको नाम लिन्छौं। तर ठीक उल्टो वायुपुराणले कूवालाई गोप्य राखेर आँखाको नाम लियो। एउटा यस्तो छ हाम्रो गाउँ खाने कथा - 'ओखल भनूँ चिउरा कुट्दैन, मूल फुट्छ कूवा होइन।' यस्तै पौराणिक शैलीमा अरूले पनि अर्थ बुझेर लेखेको भए नेपाल (कूपाकार - भूसन्निवेश)-लाई वेदपुरुषको नाभिचक्र (कूपाकार) मानेर लेख्ने थिए। 'यो वेदभूमि हो, संस्कृतभूमि हो' भनेर प्राचीन नेपाललाई चिनाउने कोशिश गर्नुहुने बालकृष्ण समले पनि पौराणिक शैलीकै पलेंटी मारेर गुरुवर कुलचन्द्रको संस्कृतमा लेखेका भए नेपाललाई अर्थोक केही नभनी सोझै लेख्ने थिए -'वेद भगवान्को शुद्ध मुखगह्वर (कूपाकार): नेपाल' - भनेर। देवकोटाले चिनाउनुपरेको

१. आँखीभौं - काशीपीठ। नाक-प्रयाग। ब्रह्मरन्ध्र - बदर्याश्रम तीर्थ। ओठ- मायापीठ (हरिद्वार)। गाला र गलाका बीचको भाग-प्रभासक्षेत्र। घाँटी-मथुरापीठ। नाभि अवन्तीपीठ (उज्जयिनी)। कम्मर-काञ्चीपीठ। श्रवणेन्द्रिय स्थानीय - भृगुपीठ इत्यादि। वस्तुतः वेदपुरुष, पुरुषरूपी वेद वा वेद भगवान्का अङ्ग-प्रत्यङ्गमा नेपाललाई 'आँखो' मान्ने वायुपुराणकारलाई नेपाल (उपत्यका)-को भौगोलिक अवस्थिति पुरै थाहा रहेछ भन्नुपर्छ। यस्तै ऋग्वेदादि संस्कृत वाङ्मयका प्रचार-प्रसारमा नेपाल 'आँखो' भएर कुनै समयमा अग्रणी भएको कुराको पनि अनुमान लगाउन सकिन्छ।

भए - 'मूर्खताका सात जन्म पुऱ्याउन वा कटाउन कालिदास एकातिरबाट पस्दै अर्कातिरबाट निस्कँदै गरेको, बिट विशाल भएको दशहाते ढुङ्ग्रो (पानी सुकेको गहिरो र बिट फाँटिलो भएको पोखरी।) - को अवतार लिने सरस्वतीको वैखरी रूपः नेपाल। यी त भए शैलीका कुरा अर्थगत समानताका सन्दर्भमा। वस्तुतः जुन जुगको शब्द चिनाउनु छ, शैली पनि भरसक त्यस जुगकै भए असल होला।

## २. समध्वन्यात्मकता :

सारस्वरसितको ऋग्वैदिक उच्चारण- **निऽबालहः** नगरी केवल बोलचालको **निबालः** र **निपालः** एकैचोटि धेरै खेप भन्दै गए ध्वनिमा त्यति फरक परेको सुनिँदैन। कारण ब र प (ओष्ठ्य) अनि ह र विसर्ग (कण्ठ्य) एउटै स्थानी हुन्। त्यसैले पछिका भाषा प्राकृत - अपभ्रंशतिर **ब>प** भएको पाइन्छ। 'निपाल'-का अनेक रूप (नीपाल, नेपाल, नयपाल आदि) हुने ध्वनिहरू सबै सुरक्षित छन् '**निऽबालहः**'-मा। लौकिक संस्कृतमा '**ब**'-को '**व**' भएर अविकृत रूपमा व्यवहृत भैरहेको छ। जस्तो निवाल/नीवाल नयवाल, नेवाल, नैवाल आदि।

सूत्रात्मक रूपमा लेखिएको प्राकृत नियम - '**वर्गाणां तृतीयतुर्ययोः स्थाने यथासङ्ख्यमाद्यद्वितीयौ।**' अर्थात् तृतीय वर्ग (ब) स्थाने आद्य वर्ग (प) भवति।

(क) **ब>प** निऽबालहः > निऽपालहः > निऽपालः/नीपालः > नेपाल :।

(ख) '**ह**'-कार र **विसर्ग** एउटै स्थानी, उच्चारणमा समान-निपालहः > निपाल :

(ग) इऽ **>ई/ए** - निऽबालः > नीवाल > निपाल/नेपाल।

(घ) इ **> ए/ऐ** - 'इ' तालुस्थानी, ए र ऐ-को पनि सम्बन्ध छ तालुसित, गौणरूपमा - निऽपालः/नीपालः > नेपाल/नैपाल

(ङ) '**इ - य**' दुवै वर्ण तालुस्थानी -**निऽ > नय** - निऽपालः > नयपालः।

| ऋग्वैदिक उच्चारण | लौकिक संस्कृतमा |
|---|---|
| **निऽबालहः** | **निवालहः /निवालः** |
| V | V |
| निऽबालः/नीबालः | निवाल/नीवाल (भाषावंशावली) |
| V V | V V |
| नीबालः/नेबालः | नीवाल/नेवाल ( '' ) |
| V V | V V |
| नीबालः/नयबालः | नीवाल/नयवाल ( '' ) |
| V V | V V |
| नीपालः/नेपालः (प्रा०/पौरा० ध्वनि-प) | नीवाल/नेवाल (प्रा० पञ्जिका - णीवाल/णेवाल) |
| V V | V V |
| नेपालः/नैपालः (पौराणिक रूप) | नेवाल/नैवाल (भाषावंशावली) |
| V V | V V |
| नैपालः/नयपालः (पौराणिक शैलीका रूप) | नैवाल/नवाल ( '' ) |
| V | V |
| नेपालः (वेद भगवान्को आँखो) | नेवाल (कूपस[illegible]को खाल्डो, खन्चेटार) |
| \| | \| |
| नेपालः (कूपाकार भू-सन्निवेश) | नेवाल (कूपाकार भू-सन्निवेशका रैथाने) |
| \| | \| |
| नेपालः (ललिता देवीका ५१ पवित्र पीठस्थानमा एक पीठस्थान) | नेवाल (नेपालको प्रायः शहरी क्षेत्रमा बसोबास गर्ने एक प्रसिद्ध जाति) |
| V | V |
| नेपार (रलयोरभेदः, नेपालका रैथाने किरातहरूका एक उपजातिको नाम।) | नेवार (रलयोरभेदः) |
| V | V |
| | नेवाः/नेवा ('र'-को विसर्ग वा लोप) |

नेपाः/नेपा, निपा/निप (असंस्कृत जिब्राले शुद्ध ऋग्वैदिक ध्वनि '**ल**'-को उच्चारण गर्न नसक्दा बनेका विकृत रूप।)

मूलतः एउटै भएर पनि 'नेपाल' र नेवाल/नेवार शब्द धेरै अघिपछिका जस्ता भई व्यवहृत भएका देखिन्छन्। नेपाल शब्द ईपू० १७०८ तिरै लेखिएका मूलपुराणहरूमा आएको छ भने 'उपत्यका'-का अर्थमा प्रयोग भएका नेवाल/नीवाल रूप हिजो अस्तितिर

(जयचन्द्रका पालामा) लेखिएको 'प्राकृत पञ्जिका'-मा **णेवाल/णिवाल**-का रूपमा पाइन्छ। काकतालीयवत् मिलेको कुरो पनि त होइन यो, यता प्रचलित थियो र नै उताका वा जयचन्द्रको दिग्विजयको बयान गर्ने कविले प्रा०/अपभ्रंशका अनुरूप (न > ण) लेखे।

उपर्युक्त रूप नै हुन् भाषावंशावलीका। पौराणिक शैलीमा चिटिक्क मिलाएर लेखिएको छ- 'मनवाल, नेवाल, नीवाल, नवाल यति चार नाम भाषा यो शङ्करगह्वरविषे मनवाल महार्थले युक्त भएका 'नेमुनि'-ले पालन गर्दा नेपाल भनी प्रख्यात भयो।' अर्थात् नेवाल/नीवाल जो थियो सो मनवाल महार्थले युक्त भएका 'नेमुनि'-ले पालन गर्दा नेपाल भनी प्रख्यात भयो। कुरो स्पष्ट छ 'नेमुनि' को 'ने' विना नै नीवाल/नेवाल थिए, केवल 'नेपाल' भनी प्रख्यात हुन ध्वनि-विकास (ब>प)-का ठाउँमा युगानुकूलको पौराणिक शैलीका काल्पनिक 'नेमुनि' आवश्यक ठानी लेखिदिए कुनै वेद, मूलपुराण आदि ग्रन्थहरूतिर पनि नपाइने र 'नेपाल'-को 'ने' सित अति सुहाउने मुनिको कल्पना वा तारतम्य मिलाएर -

'नीतिधिहरनीवालनेवालं नेमुनिप्रुटम्।'

## ३. सुनमा सुगन्ध[१] :

भौगोलिक अवस्थितिबोधक स्थाननाममा कायम हुनै आँटेको र भाषावंशावलीकार आदिले नेवाल/नीवाल, नयवालतिर ढल्काउन थालेको '**नेपाल**' नामलाई अझ सांस्कृतिक महत्त्वको र अजम्मरी बनाएर ससन्मान राख्न पौराणिक शैलीका पूर्वाचार्यहरूले आफ्ना आदिपुरुष ऋषिमुनिहरूको कल्पना गरी तादात्म्य-सम्बन्ध जोडेर देखाइदिएको -

१. राष्ट्रको आत्म-पर्यवेक्षण, आत्मानु चिन्तन, आत्म-स्मरण एवं आत्मानुध्यान हो इतिहास - भनिन्छ।

**(क)** 'ने' नामकेन मुनिना पालित इति नेपालः।

**(ख)** नेमिनाथ+पालः > नेमिपालः > नेपालः।

**(ग)** नेमिना मुनिना यस्मात् पालितं पुण्यकर्मणा।

क्षेत्रं हिमवतः कुक्षावतो नेपालसंज्ञकम्।।

**(घ)** 'ने' अर्थात् 'स्वर्गको मार्गनिर्देशक' वा 'स्वयम्भू' आदि बुद्धद्वारा 'पालित' अर्थात् 'रक्षित' देश हुनाले रहन गएको नाम।

**(ङ)** 'मुनि'-को अपभ्रंश भई 'ने' हुन गएको र 'पाल' भनेको चाहिँ 'समूह' हुनाले मुनिहरूको समूहले निवास गर्ने गुफाहरूले परिपूर्ण प्रदेश भन्ने अर्थमा 'नेपाल' भनेर सम्बोधन गरियो।

**(च)** निऽपाल > नयपाल-लाई नीति, निर्देशन, प्रबन्धन, शासन विषयक बुद्धिमत्ता आदि अर्थ लाग्ने नय (नी+अच्)-को कल्पना गरी देखाइएको नयेन पाल्यते **यः** सः नयपालः। 'न्याय' हराउँदा नेपाल जानेहरू पनि 'नय' हराउँदा चटपटाए जस्तो लागेन।

## ४. स्थिर भैसकेको 'नेपाल' शब्दको प्रयोग :

**(क)** सुश्रुत (ईपू० १५/१६ शताब्दी) - '**नेपाल**जाता च समप्रमाणाः।'

**(ख)** अथर्वपरिशिष्ट (८००-६०० ईपू०)- '**नेपालं** कामरूपं च।'

**(ग)** भरतमुनि (ईपू० ५/६ शताब्दी) - '**पौण्ड्रनैपालिकाश्चैव।**'

**(घ)** कौटिल्यको अर्थशास्त्र (ईपू० ३४५-३०० तेस्रो अधिकरण) - 'अष्टप्लोतिसङ्घात्या कृष्णा भिङ्गिसीवर्षवारणम्, अपसारक इति **नैपालम्**।'

**(ङ)** देवीभागवत - 'गुह्यकाल्या महास्थानं **नेपाले** यत्प्रतिष्ठितम्।'

**(च)** स्कन्दपुराण - '**नेपाल** इति विख्यातं देवक्षेत्रं सुखप्रदम्।'

(छ) निघण्टु -'मनः शिला, गोला, दिव्यौषधि नागजिह्वा , **नैपालिका :।**

(ज) समुद्रगुप्त' (ई० ३३०-३७५)- 'कामरूप-**नेपाल**-कर्तपुरादि...।'

(झ) लिच्छविराजा मानदेव प्रथमको चाँगुनारायण अभिलेख (ई० ४६४) -
'धर्मेणैव कुलक्रमागतमपान्**नेपाल**राज्यं महत्।'

(ञ) बुधस्वामी (पाँचौं ई० तिर)-को बृहत्कथा श्लोक सङ्ग्रह-मा।

(ट) वराहमिहिर (छैटौं ई० तिर)-को 'बृहत् संहिता'-मा।

(ठ) जिनमित्र (छैटौं ई० नै)-को 'मूलसर्वास्तिवादविनयसङ्ग्रह'-मा।

(ड) चिनियाँ यात्री हुयन्साङ (ई० ६२९)-को **निपोलो < निपालो < निपालः।**

(ढ) राजतरङ्गिणी (राजा जयापीड, ३८२०-३१०२ = ७१८ ई० तिर )-

१. तमैच्छदभिसन्धातुं विद्याविक्रमसंयुतः।
मायाव्यरमुडि[1] र्नाम राजा **नेपाल**पालकः।। ४,५३१

२. स कालगण्डिकातीराश्रयात्युच्चाश्मवेश्मनि।
निचिक्षेप जयापीडमाप्तानां रक्षिणां करे।। ४,५४६

३. प्राप्तेषु प्रतिदूतेषु पूर्णायामथ संविदि।
गृहीतकटको मन्त्री **नेपाल**विषयं ययौ।। ४,५५४

४. प्राप्तसैन्यः प्रविश्याथ क्षणेनैव निनाय सः।
तमशेषं सभूपालं **नेपाल**विषयं क्षयम्।। ४,५७९

(ण) नेपाल-माहात्म्य (नेपालको तत्कालीन सीमा बताउने) -

१. पूर्वस्यां कौशिकी पुण्या सर्वपापविनाशिनी।
गङ्गा त्रिशूलगङ्गाख्या प्रतीच्यां दिशि संस्थिता।।

२. उत्तरस्यां दिशि तथा सीमा शिवपुरी मता।
दक्षिणस्यां दिशि नदी पवित्रा शीतलोदका।।
एतन्मध्ये महापुण्यं **नेपालं** क्षेत्रमीरितम्।

## ५. अनुमानको मेहेरो (हिजोसम्म चलिआएको) :

(क) 'सम्भवतः किरातहरूको नेपार (आजकल न्यार्पा) भनिने उपजातिको नामबाट

१. राजतरङ्गिणीमा नभएको अशुद्ध रूप 'अरमुण्डी' लेखी भोटे नाम कल्पना गर्ने 'लेवी' आदि इतिहासकारहरूले कुरो बिगारेका छन्।

देशको नाम नै 'नेपार' रहन गएको र त्यसैको अपभ्रंश भई नेपाल हुन गएको हो।' द्रष्टव्य नेपाल > नेपार।

**(ख)** 'गोपालवंशावलीमा पशुपतिनाथ पत्ता लगाउने गाईधनीको नाम 'नेप' लेखिएको पनि मननीय छ।' 'नेपाल' नामका पुराना खर्कमा गाई पालेर जीविका गर्ने, पुस्ता-पुस्ता बिताउने अहिरश्रेणीका गोठालाको नाम-नेपाः/नेप आदि गोपालवंशावलीले कल्पना नगरे वंशावली नै अधूरो रहने, कारण अहिलेको संस्कृतमा 'नेप'-को शाब्दिक अर्थ नै कुल-पुरोहित हो। वंशावलीमा भयो गाई-पुरोहित। द्रष्टव्य नेपार > नेपाः/नेपा > नेप।

**(ग)** 'निप भन्ने जातिले बसोबास गरेको क्षेत्र हुनाले नेपाल नाम रहन गएको हो।' निपाल (नेपाल उपत्यका)-का पुराना बासिन्दा वा आफ्नो इतिहास हराइसकेका जन-जातिहरू आधा वा अपूर्ण नामका हुन्छन् नै। द्रष्टव्य-निप < निपाः < निपालः।

**(घ)** ''तिब्बत-वर्मी भाषा-परिवारका बोलीहरूमा 'ने' शब्दको तात्पर्य 'घर' वा 'निवासस्थान' र 'पाल' शब्दको तात्पर्य 'ऊन' हुन्छ। अतः ऊनको घर वा ऊन पाइने देश हुनाले 'नेपाल' नाम रहन गएको हो।''

यहाँनेर त आउन सक्छ जेठ-कान्छीको कुरा। नेपाल शब्द स्थिर भई पुराना ग्रन्थहरूतिर पसिसकेको देखिन्छ ईपू० १७०८ अर्थात् आजभन्दा ३७०५ वर्ष पहिला नै। तब के यसभन्दा जेठा हुन् तिब्बत-वर्मी भाषा-परिवारका बोलीहरू?

**(ङ)** 'तिब्बती भाषामा 'ने' भनेर 'पवित्र गुफा'-लाई र 'पाल' भनेर 'समूह'-लाई भनिन्छ। यसैले पवित्र गुफाहरूले परिपूर्ण भएको देश 'नेपाल' भनियो।'

प्रथमतः यो नामाकरणको कुरा जुन समयको गरिँदैछ, त्यसताका 'नेपाल' भन्दा कति आयतनको क्षेत्र बुझिन्थ्यो र त्यसभित्र तिब्बती भाषाले सोचेका पवित्र गुफा कति थिए? द्वितीयतः तिब्बती भाषामा 'ने' र 'पाल' संयुक्त भएर व्यवहृत हुन थाल्नुभन्दा कति हजार वर्ष अघि नै स्थिर भइवरि ग्रन्थहरूतिर पसिसकेको थियो 'नेपाल' शब्द। कान्छाबाट ग्रहण गर्ने कुरै आएन।

## ६. ऋग्वेदोक्त नदनदीहरू: ऋग्वैदिक संसारका आधार :

नेपाल/नेवाल शब्द मूलतः ऋग्वैदिक रहेछन् भन्ने कुरो माथि एक प्रकारले स्पष्ट भयो भाष्यगत व्युत्पत्ति, ध्वन्यात्मक र अर्थगत समानता, पौराणिक उपाख्यान, शैली, अनुमानका खण्डन-मण्डन आदिले। तर पुष्टि गर्न अझ दुइ-चार कुरा बाँकी नै छन्। नेपाल नाम सिद्ध गर्न निबाल > निपाल आदि भाषा-विज्ञानका आधारमा भन्दै त गइयो यहाँसम्म। यसका वक्ताहरूका विषयमा भने केही भनिएन। के भने कुरो ऋग्वेदको यस्तो विकृत रूप (निबाल <

निऽबालहः) वा बोलचालका रूपको रूपान्तर निबाल > निपाल आदिका वक्ताहरू किंवा ऋग्वैदिक भाषाभाषीहरूका आदिदेश/मूलदेश र कालान्तरका सम्पर्क क्षेत्र (गङ्गा-यमुना, कर्णाली/सरयू, गण्डकी, वाग्मती आदिका प्रवाहक्षेत्र)-बारे पनि केही कुरा कोट्याएर काँक्रा-फर्सीलाई थाङ्ग्रो/टेको दिए प्रकारले 'नेपाल' नामलाई पनि अझ बलियो टेवा दिइराखौं जुन टेवा बेला-बखतका पानी-झरीले मकिएर, आँधीबेहरीले हल्लिएर र धमिराले खाएर ढल्न नपाओस्, अरू कुनै प्रामाणिक ऐतिहासिक तथ्यहरू यसका सन्दर्भमा फेला नपरुन्जेल। अरू आधार त धानका सेप्रा वा फोस्रा पोगटा हुन्।

वस्तुतः प्रामाणिक ऐतिहासिक तथ्यहरूका अभावमा ऋग्वैदिक संसारको कल्पना गर्नुपर्दा मूलग्रन्थ-ऋग्वेदमा वर्णित नदनदी वा पञ्चसिन्धु र सप्तसिन्धुलाई नै आधार बनाउन सकिन्छ। नदनदीबाहेक अर्थोक केही कुरो पनि पाइन्न आधार बनाउन सकिने। पर्वतश्रेणी, सांस्कृतिक वा धार्मिक स्थल (गान्धर्वी, ब्रह्मावर्तन आदि बाहेक) आदि केहीका वा कुनैका पनि नाम छैनन्। तर नदीनाम भने सहस्र छन्। ऋग्वेदबाट शुरू भएर पछिका महाभारत, पुराण एवं प्राचीन संस्कृत साहित्य आदिमा मात्र होइन, अपितु अझ पछिका संस्कृत वाङ्मयमा पनि यथावत् रही हिजोआजका छात्रहरूका पाठ्य-पुस्तक सम्म उही नाममा दर्तिन आइपुगेका छन्। यसमा कुनै लोप हुनु र कुनै परिवर्तित रूपमा चल्नु कुरो साधारण हो। त्यसको प्रवाहक्षेत्र त यथावत् छ। जस्तो, सरस्वती नदी सुकेर गए पनि त्यसको प्रवाहक्षेत्र जीवित, कुनै न कुनै रूपमा।

संक्षेपतः भन्नुपर्दा - **नद्यो देवताः, आपो देवताः, आपो भवन्तु पीतये, आपो देवीरिह मामवन्तु** - इत्यादि धारणा वा आस्थाले नदी र नदीजल (तीर्थजल)-लाई आफ्ना आराध्य देवता, आफ्नो सर्वस्व ठान्ने गणको मूलग्रन्थ - 'ऋग्वेद'-मा भएका प्रधान[१] नदनदी


१. ऋग्वेदीय नदी स्तुति - '**इमं मे गङ्गे यमुने सरस्वति शुतुद्रि स्तोमं सचता परुष्ण्या। असिक्न्या मरुद्वृधे वितस्तयाऽऽर्जीकीये श्रृणुह्यासुषोमया।**' स्कन्दस्वामी - 'इमम् मे इमम् स्वभूतम् स्तोमम् स्तवम् गङ्गे! यमुने! सरस्वति! शुतुद्रि! परुष्णि! आ सचत आभिमुख्येन मर्यादया वा सेवध्वम् यूयम्, श्रृणुत इत्यर्थः। असिक्न्या सह वितस्तया च सह हे मरुद्वृधे! वृष्टिद्वारेणःमरुद्वर्धिते! आर्जीकीये! त्वमपि शृणुहि आभिमुख्येन श्रृणु सुषोमया च सह। अथवा - हे प्रधानभूत्यः सप्त नद्यः गुणभूताभिः तिसृभिः मदीयम् स्तोत्रम् सेवध्वम् शृणुत चेति। तत्र असिक्नी वितस्ता च मरुद्वृधायाः अवयवभूताः, सुषोमा आर्जीकीयायाः अवयवभूता।'

२. **त्वं सिन्धो कुभया गोमतीं क्रुमुं मेहत्न्वा सरथं याभिरीयसे।**

३. **सुवास्त्वा अधि तुग्वनि।** यास्क-सुवास्तुः नदी तुग्व तीर्थम् भवति।

४. **दृषद्वत्याम् मानुष आपयायां...।** दृषवत्यां - दृषद्वतीतीरे...।

एवं ती नदीले स्पष्ट सित छुट्ट्याएको र केही उत्तरतिर ढल्किन गएको पश्चिमी पाटाको कल्पना गरेर हेर्दा मोटामोटी रूपमा यस्तो देखिन्छ दुइ खण्डमा विभक्त, ऋग्वेदकालीन संसार (भू-भाग)-को प्राकृतिक आकृति वा भौगोलिक स्वरूप -




**चित्र नं० १**

[अर्थात् इरिणीगण-ऋग्मिणीगणको आवागमन क्षेत्र][१]

[भागवतको भुवनकोशवर्णन - कर्णिकाभूतः सौवर्णः कुलगिरिराजो मेरुः।]

---


१. अनुमेय-इरिणी (वालुकामय प्रदेशका यात्री) गण अर्थात् पछिका इरानीहरू। ऋग्मिणी (ऋग्मिभिः स्तुतिभिः विख्यातः ऋग्मी ऋग्मिणी अर्थात् ऋग्वैदिक गण वा ऋग्वैदिक भाषाभाषीहरू।)

इरानीहरूको धार्मिक ग्रन्थ-अवेस्ता र हाम्रो ऋग्वेदका कतिपय शब्द, शब्दावली, वाक्य-खण्ड, पद्यांश आदि मिलेका पाइन्छन् कति परिवर्तित र कति अपरिवर्तित रूपमै पनि। छिमेकी - सहवासका नाताले यस्तो भएको हुन सक्छ। त्यसैले दुइ संसार (भू-खण्ड)-को मोटामोटी चित्र आमने-सामने राखेर ज्यादा गफ नगरी लक्ष्मण रेखाले छुट्ट्याउने काम मात्र गरिएको हो। हेरौं आधार -


| | | | | | | |
|---|---|---|---|---|---|---|
| **वेद -** | कर्षण | वायु | मित्र | मेदिष्ठ | तत त्व | वश्मि इन्द्र। |
| **अवेस्ता -** | कर्षण | वायु | मिथ्र | मज्द | तत श्व | वश्मि इन्द्र। |

२. **दोस्रो आधार** - ऋग्वैदिक नदी-कुभा, सुवास्तु, क्रुमू र गोमतीलाई हिजोआजका विद्वानहरूले मानेका छन् क्रमशः काबुल, स्वात, कुर्रम र गोमल। सुवास्तु वा 'स्वात'-मा त उत्खनन कार्य पनि भयो। भेटिएका हाँडाभाँडा, समाधिस्थल सबै नै ऋग्वैदिक गणसित सम्बन्धित।

उपर्युक्त चित्र नं० १ -को ऋग्वैदिक संसारभित्र बगेका, ऋग्वेदमा वर्णित प्रधान नदनदीहरू -




चित्र नं० २




चित्र नं० ३

प्रवहण-दिशा वा क्षेत्रका आधारमा माथिका नदनदीहरूलाई छुट्याएर राख्नुपरे मुख्य दुइ श्रेणीमा राख्न सकिन्छ -

**(क) पञ्चसिन्धु** - कुभा, सुवास्तु, मेहत्नू, क्रुमू र गोमती।

**(ख) सप्तसिन्धु**[१] - मरुद्‌वृधा (इरावती/रावी) वा वितस्ता (झेलम), असिक्नी (अङ्कसिनी, चन्द्रभागा, चिनाव), परुष्णी, आर्जीकीया (विपाशा/व्यास), शुतुद्री (सतलज) सरस्वती, यमुना र गङ्गा।

प्रयोगका हिसाबले हेर्दा भने सबभन्दा ज्यादा प्रयोगमा आएको नदी सरस्वती (५६ ठाउँ उल्लेख) हो। यस्तै गोमती - १८ ठाउँ। परुष्णी - ७। असिक्नी -५। विपाशा -३। यमुना - ३। कुभा - २। शुतुद्री - २। क्रुमू-१। सुवास्तु - १। मेहत्नू - १ वितस्ता - १। दृषद्वती - २। गङ्गा - १।

शुरू-शुरूमा पूर्वाभिमुख भएर बगेको 'कुभा' र दक्षिणाभिमुख भएर बगेको सुवास्तु नदीको दोभान -**गान्धर्वी**। यो ऋग्वैदिक मात्र होइन, पछिका महाभारत, पुराण आदि ग्रन्थहरू तिर पनि सर्वत्र चर्चित स्थान हो। ऋग्वेद - **गान्धर्वीम् पथ्याम्**। रामायण अनुसार गान्धार देश - 'सिन्धोरुभयतः पार्श्वे।' जातक - काश्मीर पनि गान्धार राज्य भित्रै पर्थ्यो। वायु पुराण अनुसार गान्धार राज्यभित्र दुइ महान् नगर थिए -

---

१. ऋग्वेदको दशौँ मण्डल धेरै पछि थपिएको नयाँ 'मण्डल' मानिन्छ। त्यसमा, त्यो पनि एक ठाउँ मात्र उल्लेख भएको 'गङ्गा' नदीलाई ऋग्वैदिक सप्तसिन्धुभित्रको नमाने पनि पाप लाग्दैन। पछिका महाभारत, पुराण आदि वाङ्मयमा सर्वव्यापी भएर, नदीहरूको राजा भई बसेको छ।

२. महाभारतका सप्तसिन्धु - गङ्गा, यमुना, प्लक्षगा, रथस्था, सरयू, गोमती (नैमिषारण्यतिरको, ऋग्वैदिक होइन।) र गण्डक। अथवा-वस्वोकसारा, नलिनी, पावनी, गङ्गा, सीता, सिन्धु र जम्बू नदी।

३. देवनदीय सप्तसिन्धु (ऋग्वैदिक नदीहरू महाभारतकालमा आइपुग्दा नपुग्दा देवनदी भैसकेका थिए।)-

(*i*) विपाशा च शतद्रुश्च चन्द्रभागा सरस्वती।

इरावती वितस्ता च सिन्धु र्देवनदी तथा।।

[अर्थात् विपाशा-व्यास। शतद्रु-शुतुद्री, सतलज। चन्द्रभागा-चिनाब। सरस्वती-सरसुती। इरावती-रावी। वितस्ता-झेलम।]

४. पुराणोक्त सप्तसिन्धु (वर्णन शैली नै भिन्न - एउटै गङ्गाजी शिवजीका जटाबाट हाम फाल्दा महान् हिमालयश्रेणीका पहाडपर्वततिर बजारिएर सात धारामा विभाजित भइन्। फलतः मुहान (शिर) एउटै भएका सात धारा सृष्टि भए।) -

(*i*) पूर्वतिर बग्ने धारा - नलिनी, ह्लादियी र पावनी।

(*ii*) पश्चिमतिर बग्ने धारा - चक्षु, सीता र सिन्धु।

(*iii*) दक्षिणतिर बग्ने धारा - भागीरथी।

(*i*) तक्षस्य दिक्षु विख्याता रम्या तक्षशिला पुरी।
पुष्करस्यापि वीरस्य विख्याता पुष्करावती।।


भागवत - 'तक्षः पुष्कल इत्यास्तां भरतस्य महीपतेः।'

अर्थात् भरतका छोरा - 'तक्ष र पुष्कल'-का नाममा तक्षशिला र पुष्करावती वा पुष्कलावती। प्राकृतमा 'पुक्कलाओती।' यसैलाई एरियनले लेखे - 'प्यूकेलाओटीज।'

उद्दालक आरुणि (वैदिक जनकका समकालीन)-ले त यस्तो सम्म लेखेका छन् - **स ग्रामाद् ग्रामं पृच्छन् पण्डितो मेधावी गान्धारान् एव उपसमपद्येत, एवं एव इह आचार्यवान् पुरूषो वेद।**

सूत्र - 'सिन्धुतक्षशिलादिभ्योऽणञौ' लेख्ने पाणिनि पनि सम्भवतः यतैतिरका पो हुन् कि। यसरी ऋवेदपछिका संस्कृत वाङ्मयहरूले पनि आदर्श मानेको **गान्धर्वी** ऋग्वैदिक सभ्यताको उदय हुन थालेको, ऋग्वैदिक भाषाभाषीहरूको पनि पहिलो सांस्कृतिक धार्मिक स्थल। दोस्रो हो सरस्वती र दृषद्वतीको मध्यवर्ती क्षेत्र वा ब्रह्मावर्तन (शाब्दिक अर्थ - वेद-वेदाद्रिको प्रसरणस्थान)।

युगान्तरका सम्पर्क सूचक नदीमार्ग -




चित्र ४

## ७. नदीरूपा सरस्वती :

नद्यो देवताः, आपो देवता, आपो अस्मान् मातरः आदि मानिने नदनदीहरूमा विशालकाय नदी वा नद-सिन्धु अनि 'नदीनां शुचिः' अर्थात् पवित्रतामा विख्यात नदी सरस्वती। नदीतमा[१] (नदीहरूमा श्रेष्ठ), सिन्धुमाता (नदीहरूकी आमा), मातृतमा, देवीतमा

---

१. एकातिर विपाशा र शुतुद्री, अर्कातिर दृषद्वती नदी बगाई आफू बीचमा भएर पश्चिम-समुद्र वा बडा सिन्धुतिर मिसिन पुग्ने सरस्वती नदीको स्तुति नै विशेष प्रकारले गरिएको छ -

(क) **अम्बितमे नदीतमे देवितमे सरस्वति।**

**अ प्रशस्ता इव स्मसि प्रशस्तिम्ब नमस्कृधि।** २.४१.१६.

[अर्थात् - अम्बितमे! मातृतमे! नदीतमे! नदीभ्यो वरिष्ठे! देवितमे! दीप्ततमे! सरस्वति! धनाभावात् अप्रशस्ता इव स्मः, तान् अस्मान् धनप्रदानेन प्रशस्तान् कुरू।]

(ख) **एकाचेतत् सरस्वती नदीनां शुचिर्यती गिरिभ्य आसमुद्रात्।**

[अर्थात् एका बुबुधे सरस्वती एव नदीनाम् मध्ये शुचिः, गच्छन्ती पर्वतेभ्यः निस्सृता यावत् पश्चिमं समुद्रम्। ७.९५.२]

(ग) **सरस्वती सप्तथी सिन्धुमाता।** ७.३६.६.

[सरस्वती षण्णां नदीनां सप्तमी, सिन्धूनां नदीनां माता।]

(घ) **भद्रमिद् भद्रा कृणवत् सरस्वती।** ७.९६.३.

[भद्रम् एव भद्रा कृणोतु सरस्वती।]

(ङ) **सरस्वती सिन्धुभिः पिन्वमाना।** ६.५२.६

[सरस्वती नदी सिन्धुभिः उदकैः वहन्त्यस्तु।]

(च) **महो अर्णः सरस्वती प्र चेतयति केतुना।** १.३.१२.

[नदीरूपा सरस्वती केतुना कर्मणा प्रवाहरूपेण महः अर्णः प्रभूतम् उदकम् प्रचेतयति प्रकर्षेण ज्ञापयति।]

(छ) **इमा ब्रह्म सरस्वति जुषस्व वाजिनीवति।** २.४१.१८.

[इमानि हवींषि सेवस्व अन्नवति सरस्वति]

(ज) **सरस्वत्यवन्तु सप्त सिन्धवः।** ८.५४.४.

(झ) **सरस्वती साधयन्ती धियम्।** २.३.८.

आदि। पवित्रता, शुद्धि, समृद्धि र शक्ति प्रदान गर्न सक्ने नदी[१] (जस्तो, पछिको वा पौराणिक कालको गङ्गा नदी)। सरस्वती नदीलाई यस्तै रूपमा मानिने हुँदा यसको किनार (सरस्वती र दृषद्वती नदीका बीचको भू-भाग) पछि ब्रह्मावर्तन नामले प्रसिद्ध भएर गयो, वैदिक ज्ञान र कर्मकाण्डका निम्ति। यसका तटवर्ती ऋषि-आश्रमहरूमा ऋग्वेदका अधिकांश ऋचाहरूको साक्षात्कार (रचना) भएको वा यस्तै राम्रा-राम्रा ऋचा तथा असल विचारहरूकी प्रेरणादायिनी हुनाले सरस्वती नदी वा नदीरूपा सरस्वती परवर्ती कालमा ज्ञान र कलाकी देवी, वाग्देवताका रूपमा चिनिएर गइन्। किंवा ऋग्वेदकै नदी देवता र वाग्देवता सरस्वती ब्राह्मण काल (शतपथ ब्राह्मण ३.९.१. ऐतरेय ब्राह्मण ३-१)-मा ज्यादा वाग्देवता (वाक्सित अभेद सम्बन्ध) हुँदै पौराणिक कालमा ब्रह्माकी पुत्री, अझ परवर्ती बालमा वा आजसम्मै विद्या् र कलाकी अधिष्ठात्री देवी भएर प्रतिष्ठित। तर प्रसङ्ग ऋग्वेदीय नदी देवता वा नदीरूपा सरस्वतीसित सम्बन्धित हुनाले केही ऋचा टिप्पणीमा उद्धृत।

## ८. सिन्धुः/सप्त सिन्धवः : ऋग्वैदिक प्रयोग र अर्थ :

परवर्ती काल वा पौराणिक युगमा आएर सीमित अर्थको एउटा नदी (महानद) अनि समुद्र हुन पुगेको 'सिन्धु' ऋग्वेदमा जल, नदनदी, समुद्र आदिको समानार्थक भएर ज्यादा प्रयोग भएको देखिन्छ, नदीविशेष वा महानदविशेषका अर्थमा कम। ऋग्वेदमा जताततै प्रयोग भएर तत्-भाषाभाषीहरूका विशेषता, विशेष शैली वा थेगा जस्ता हुन पुगेका **सिन्धवः, सप्त सिन्धवः**-आदि रूप 'सिन्धु' कै बहुवचनान्त हुन् तापनि अर्थमा विविधता। जस्तो -

१. **सिन्धुः-** (क) स्यन्दनशीलोदकात्मा देवता सिन्धुः।
(ख) स्यन्दनशीलोदकाभिमानी देवः सिन्धुः।
(ग) सिन्धुर्नदी (महानदविशेष)

२. **सिन्धवः-** (क) स्यन्दनशीला आपः।
(ख) ,, नद्यः।

---

१. 'द्विविधा हि सरस्वती' अर्थात् नदी देवता र वाग्देवता -मा धेरै पछिका वा हिजोअस्तिका, पौराणिक शैलीका हाम्रा भाषा वंशावलीकारले आफू बसेको धरातलमा बग्ने 'वाग्मती'-लाई ऋग्वेदको सर्वोत्कृष्ट, सर्वाधिक वर्णित एवं मातृतुल्य सरस्वती नदीका दाँजामा राखेर **'वाग्मती प्रस्रवण क्षेत्र'**-लाई पनि अति पवित्र बनाउन चाहेको देखिन्छ - '... मूल शक्तिदेखि भयाकी, शभुका मुखद्वारदेखि प्रकट भै प्रवाह भयाकी, सत्ययुगको अन्त्यमा त्रेतायुगको आदिमा प्रकट भयाकी... सरस्वती वाग्मती गङ्गा हुन्।' अर्थात् पवित्रता, शुद्धि, समृद्धिको कामना लिएर गङ्गातिर धाउनेहरूले आफ्नै क्षेत्रमा बग्ने वाग्मतीलाई गङ्गा माने हुन्छ, यी त साक्षात् सरस्वती नदी हुन्।

(ग) समुद्रा :।

३. **सप्त सिन्धवः**- (क) सप्तसङ्ख्याका नद्यः।

(ख) बहुसङ्ख्याकाः ''।

'सिन्धवः' - सित आएको मात्र होइन, अरू शब्दसित पनि आएको 'सप्त'-ले दुवै अर्थ प्रकट गरेको छ ऋग्वेदमा -

**सप्त** (सात, सप्तसङ्ख्यक) -

सप्त ऋषयः, सप्त रश्मयः (आदित्यरश्मयः), सप्ताश्वः (सूर्यः), सूर्यस्य सप्त रश्मिभिः, सप्त हरितः (सप्त सङ्ख्याकाः हरितवर्णाः वडवाः), सप्त धातु (त्वक्-चर्म-मांस-रूधिर-मेद-अस्थि-मज्जान- (सप्त धातव इति), सप्त मे सप्त शाकिनः (एकोनपञ्चाशन्मरुद्गणाः), सप्त सिन्धवः इत्यादि।

**सप्त** (धेरै, बहुसङ्ख्यक) -

सप्त पुरः (सप्त पुरीः, बहूनि नगराणि), सप्त रत्नाः (रत्नानि, बहूनि धनानि), सप्तास्यम् (सप्त आस्यम्, सप्तमुखम्, बहुद्वारम्), सप्त विप्राः (मेधाविनः), सप्त होतारः, सप्त संसदः (होत्राः), सप्त वीरासः (प्रजापतेः पुत्राः), सप्त धामानि (स्थानानि), सप्त जामयः (नद्यः), सप्त मर्यादाः (व्यवस्थिताः, अलङ्घनीयाः), सप्त सिन्धवः, इत्यादि।

## ९. आपो देवताः : ऋग्वैदिक भाषाभाषीहरूका आराध्य :

ऋग्वैदिक प्रयोग - आपो अस्मान् मातरः। आपो हि ष्ठा मयोभुवः। आपो जनयथा च नः। आपो भवन्तु पीतये। या आपो दिव्याः। आपो देवीरिह मामवन्तु। आपो यं वः प्रथमम्। आपः पृणीत भेषजम्। आपो याचामि भेषजम्। आपो रेवतीः क्षयथा हि वस्वः। आपो अद्यान्वचारिषं रसेन समगस्महि। आपो देवीरुपह्वये इत्यादि हुन् भने पछिका भाषामा पनि रूप र शैली यथावत् नै - शिवा आपः सन्तु। आपः पुनन्तु पृथिवीं पृथिवीपूता पुनातु माम्। अपां मध्ये स्थिता देवाः सर्वमप्सु प्रतिष्ठितम्। अप एव ससर्जादौ तासु वीजमवासृजत्।

पुरुषसूक्त (ऋग्वेदको दशम मण्डलीय सूक्त - ९०) अनुसार भनिन्छ पृथ्वीका परमाणुकारणस्वरूपबाट स्थूल पृथ्वी रच्ने उनै विराट् पुरुषले नै अग्निका परमाणु र जलीय परमाणुहरू मिलाएर 'आपः' सृष्टि गरे। 'अप्'-को परिनिष्ठित रूप 'आपः'-का समानार्थक

शब्द जल, अम्बु आदि छैनन् ऋग्वेदमा। आपः /आपः -लाई स्त्रीरूपमा मानेर माता, नवयुवती, देवी आदि पनि भनिएको छ। जस्तो, 'ता आपो देवीः।'

पृथ्वीलाई उब्जाउ/उर्वरा बनाएर प्रभूत अन्न उत्पन्न गराउने वा अन्नदाता, धनदाता, प्राणरक्षक, जीवनदाता, शक्तिप्रदाता, पालनकर्ता, पेयप्रदाता (दूध-दही-घिउ-मधु आदि बर्साउने), सर्वव्याधिविनाशक - औषधीरूप, वरदानहरू (अभीष्ट सिद्धिका निम्ति दिइने वा लिइने आशीर्वाद)-का स्वामी - **'आपो देवता'** ऋग्वैदिक गणका आराध्य र स्तुत्य। यिनै देवतालाई पार्थिव रूपमा अवतरित गराएर साक्षात्कार गर्ने ऋग्वेदका ऋचाहरू असङ्ख्य छन्। आकाशीय जलको पनि स्तुति गरिएको पाइन्छ। 'अपां नपातमवसे सवितारमुप स्तुहि' भनेर सूर्यलाई पनि 'अपाम् नपातम् पौत्रम् मानिएको छ। यस सन्दर्भमा पछिका श्रुतिहरू -

(क) अद्भ्यो वा एष प्रातरुदेत्यपः सायं प्रविशति।

(ख) अद्भ्यो वैद्युताग्निः जायते अग्नेः सविता।

(ग) 'आपो वा इदमग्र आसन्' अर्थात् अद्भ्यः प्रजापतिः अजायत। प्रजापतेः सविता। तेन सूर्यः अपां पौत्र एव।

**१०. नद्यो देवताः : बसाइँ-सराइका टुङ्गा र गोरेँटाहरू :**

जन्मना नदीजलतटाश्रयी अनि पछि देशान्तरित हुँदा पनि नदीजलतटमार्गी नै भएर भएका हुँदा नदनदीजलसितको सम्पर्क वा तादात्म्य निरवच्छिन्न रूपमा नै रहिरह्यो। जलमा देवताको निवास हुन्छ अनि जल स्वयं पनि देवता हुनाले अति पवित्र हुन्छ भन्ने खालका भावनाले ओतप्रोत वा अन्तर्व्याप्त बनायो। 'नदी' देख्दा 'आपः'-को र 'आपः' देख्दा 'नदी' वा 'सिन्धु'-को सम्झना होइहाल्ने संस्कारले आधिपत्य जमायो - नद्यो देवताः, आपो देवताः, आपो भवन्तु पीतये, आपो याचामि भेषजम्, मधु क्षरन्ति सिन्धवः (स्यन्दनशीला नद्यः) इत्यादि। सूर्यको स्तुति धरि पानीको नाति भएका नाताले पो गर्न थाले - 'अपां नपातमवसे सवितारमुप स्तुहि।' कस्ता जलले हाम्रो रक्षा होस् वा गरोस् - 'यासु राजा वरूणः, यासु सोमो विश्वे देवाः, यासु वैश्वानरः, यासु अग्निः प्रविष्टः, याः सूर्यो रश्मिभिः आततान, या आपो

दिव्याः (अन्तरिक्ष्याः)', या शुचयः पावकाः, ता[१] आपो देवीः इह माम् अवन्तु।' जल सम्पूर्ण औषधीहरूको खानि भन्ने कुरो साक्षात्कार गरे - 'अप्सु मे सोमो अब्रबीदन्तर्विश्वानि भेषजाः।

---

१. सर्वप्रथम ऋग्वेदमै प्रयोग भई पछि उसै रूप र अर्थमा प्रचलित हुँदै आएको 'आपः' - का ऋग्वैदिक विशेषण -

१. **जीवधन्याः** - जीवनस्य जीवानां वा वर्धयित्र्यः प्रीणयित्र्यो वा आपः।

२. **मधुमतीः** - मधुस्वादयुक्ताः, रसवतीः आपः।

३. **समुद्रार्थाः** - समुद्रो गन्तव्यो यासां ताः।

४. **वरेण्यक्रतूः** - स्नानपानपावनादिवरणीयकर्मणः।

५. **सस्रुषीः** - स्रवणशीलाः, निम्नानुसारिण्यः आपः।

६. **पत्नीः** - स्वपत्यस्य, पालयित्र्यः आपः।

७. **बिभ्रतीः** - मधूनि पयांसि, मधुसदृशानि मृष्टरसानि धारयन्तीः।

८. **जनयन्तीः** - अग्निम्, विद्युद्रूपम् अग्निम्च जनयन्त्यः आपः।

९. **मातरः** - मातृवदनुग्राहिकाः आपः।

१०. **सिन्धवः** - स्यन्दनशीलाः आपः।

११. **अम्बयः** - मातृभूताः आपः।

१२. **बृहतीः** - सर्वलोकम् व्याप्ताः।

१३. **स्वयंजाः** - स्वयंजाता।

१४. **देवीः** - देव्यः आपः।

१५. **भेषजीः** - सर्वस्य भेषजीः, विश्व भेषजीः

१६. **पावकाः** - ज्वलन्त्यः।

१७. **रेवतीः** - धनवत्यः।

१८. **खनित्रिमाः** - कूप्याः।

१९. **श्रुष्ठीवरीः** - सुखवत्यः आपः।

२०. **मयोभुवः** - सुखस्य भावयित्र्यः आपः।

२१. **पयस्वतीः** - वृष्टियुक्ताः। पयः उदकम् वृष्टिलक्षणम्, तद्वतीः।

२२. **जामयः** - हितकारिण्यः बन्धवः, भगिनीस्थानीयाः।

अग्निंच विश्वशंभुवमापश्च विश्वभेषजीः। १.२३.२०। आपः पृणीत भेषजं वरूथं तन्वे मम। १.२३.२१।'

पानीका यस्ता ठूला माछाहरू वा भनौं जल-व्यवहार (नियमपूर्वकको)-मा अति सभ्य, जल-क्रियान्वयनमा निपुण, अद्वितीय, अतुलनीय मानव- ऋग्वैदिक भाषाभाषीहरूलाई कूवा, पानीको धारो, खोलाखोली, खोल्साखोल्सी, स-साना छाँगा-छहरा, झर्ना झर्नी आदिले काम नदिने हुँदा चाहियो सिन्धु नै, अर्थात् पानीको सानो सोतो वा कुलाको पानी, खेतको समाहा धरिलाई सिन्धु नै कल्पना गरिन्थ्यो। बसाइँ सर्दा वा हिँड्दा बाटातिर मेघरूपी वृत्रासुर वा यस्तै शत्रु, डाँडाकाँडा, पहाड़-पर्वत आदि उपस्थित भई हिँडाइका बाधक बने छँदै थिए इन्द्र अघि सरेर हटाइदिने - **'यो हत्वाहिमरिणात् सप्त सिन्धून्'** - २.१२.३. अर्थात् यः इन्द्रः अहिम् (शत्रु, मेघरूपी वृत्रासुर) हत्वा निरगमत् सप्त नदीः। सप्तसिन्धुको जलप्रवाह निराबाध (बाधारहित, उत्पीडनरहित, असन्तापित) गतिको र स्वच्छ बनाइदिने इन्द्र अघि-अघि लागेर रक्षा गर्थे।

पहिलो टुक्रो - **गान्धर्वी** वा **कुभा-सुवास्तु अञ्चल** ; यहाँबाट बसाइँ सर्दाको वा पश्चिमोत्तरतिरका कुभा, सुवास्तु आदि नदीका गडतीरे गोरेँटा हिँड्दै बसाइँ सर्दै यहाँ आई ढाकर बिसाएर हजारौं वर्ष बिताएको। शुरू-शुरूमा पूर्वाभिमुख भएर बगेको 'कुभा' र दक्षिणाभिमुख भएर बगेको सुवास्तु नदीको दोभान। ऋग्वेद - **'सुवास्त्वा अधि तुग्वनि।'**

दोस्रो टुक्रो - **गोमती अञ्चल** : पञ्चसिन्धुले बडासिन्धुको रूप लिएको अञ्चल।

---

२३. **शतपवित्राः** - अनेकपवनसाधनाः।

२४. **मदन्तीः** - मनुष्यान् तर्पयन्त्यः।

२५. **समुद्रज्येष्ठाः** - समुद्रप्रथमाः।

२६. **दिव्याः** - अन्तरिक्ष्याः।

२७. **शुचयः** - शोधयित्र्यः।

२८. **पुनानाः** - शोधयन्त्यः।

ऋग्वेद - **'सिन्धो कुभया गोमतीम् क्रुमूं मेहत्न्वा सरथं याभिरीयसे।'** अर्थात् हे सिन्धो! ताभिश्च नदीभिः (कुभा, गोमती, क्रुमू, मेहत्नू आदि, सुवास्तु नदी त कुभासित मिसिएर कुभा भैसकेको थियो) सह अस्मद् यज्ञम् प्रथमं गन्तुम् समानप्रीतिर्भव इति। अब गान्धर्वी (कुभा-सुवास्तु अञ्चल)-बाट कुभा नदीले डोऱ्याउँदै, मेहत्नू, क्रुमू आदि नदीको दर्शन गराउँदै, गोमतीका विशाल प्रवाहक्षेत्रमा ल्याएर किनारा लगाइदियो। अर्थात् कहीँ पनि छोड्नुपरेन नदीका गोरेँटाहरू। ऋग्वेदमा १८ ठाउँ गोमतीको नाम जप्नेहरूका सन्तानले यहाँ गान्धर्वीमा पूर्वजहरूले बिताएको वर्षभन्दा ज्यादा वर्ष भोग गरे। बडासिन्धुका उत्पातले नसोहोरिएको भए यो ठाउँ गान्धर्वीकै दाँजामा आउने। तर भेलले सबै, सर्वस्व लुटिदियो। 'गोमती'-को महत्त्व बुझेका पछिका व्यासले यसलाई सुदूरपूर्वतिरै तानेर गङ्गोन्मुखी भई उत्तरतिरबाट बगेर आउने नदीविशेषको नाम गोमती राखिदिएका थिए, जुन नदीको पवित्र किनार पछि शौनकादिनिवासित नैमिषारण्य क्षेत्रले विख्यात भयो। पश्चिमतिर भन्दा अझ बढी ख्याति पायो।

तेस्रो टुक्रो - **असिक्नी अञ्चलः** दाहिनेतिरबाट वितस्ता र देब्रेतिरबाट परुष्णी आएर मिसिई निकै तलसम्म एक्लो बगेको असिक्नी र गोमतीको सङ्गम स्थल। पञ्चसिन्धुका बाढले घरि-घरि दुःख दिए तापनि नटेरी, नयाँ किनारा लाग्दै बिस्तारोसित अघि बढेकाहरू येनकेन गोमती र असिक्नीका दोभानतिर त बसाइँ सर्दै आइपुगे, तर कालान्तरमा त्यहाँबाट सीधा दक्षिणतिर बद्ले भने आँट आएन। कारण उताबाट बगेर आएका पञ्चसिन्धुले यताका वितस्ता, असिक्नी, परुष्णी आदि नदीको पानी पाएपछि अझ डरलाग्दो, भयावह रूप लिइसकेको थियो, एउटा हिमजुरे साँढे गोरु डुक्रँदै अर्को आफूभन्दा ठूलो हिमालगुरे साँढे गोरू (समुद्र)-सित जुध्न गइरहेको जस्तो देखिन्थ्यो। ऋग्वेद - **'सिन्धुर्यदेति वृषभो न रोरुवत्।'** यस्तो स्थितिमा अब के गरे भने यस्तो भीषण रूप लिएको सिन्धुको स्तुति अलग्गै नौवटा ऋचाले परपरैबाट गरेर एक प्रकारले बिदा मागी पूर्वतिर फर्केर विपाशाको बाटो नजानिँदो नाप्न थाले। बसाइँ सराइमा एउटा ठूलो मोड आयो, दक्षिणतिर भैरहेको यात्रा पूर्वतिर हुन थाल्यो। वालुकामय प्रदेश, अपेयजल, नदी किनारविनाको बाटो पश्चिमपट्टि, यी पानीका माछाहरू त्यतातिर लागेर बसाइँ सर्ने कुरै आएन, आपो देवताः, नद्यो देवताः, आपो अस्मान् मातरः, आपः पृणीत

भेषजम् इत्यादि स्मरण गर्ने आधार हराएर जाने सो हुन पाएन।

चौथो टुङ्गो - **सरस्वती अञ्चल : ब्रह्मावर्तन** [1] : पछिको कुरु राज्य वा सरस्वती र गङ्गाका बीचमा फैलिएको, मुख्य तीन भाग - कुरुजाङ्गल (कुरु राज्यको वनीय क्षेत्र), कुरुवास (सम्भवतः हस्तिनापुरका छेउछाउको क्षेत्र) र कुरुक्षेत्र (यसका दक्षिणमा खाण्डव, उत्तरमा तुर्घ्न र पश्चिममा परीणह वा बडासिन्धुको एक सहायक नदी स्थित - तैत्तरीय आण्यक)-मा विभक्त, सरस्वतीमै मिसिने अरुणा, कौशिकी, अंशुमती, हिरण्यवती, आपया/आपगा, सरस्वती र दृषद्वती अथवा राक्षी आदि नदीहरूको प्रस्रवण क्षेत्र बुझिने कुरु राज्यको मध्यमाञ्चल वा मुटु भाग। सर्यणावत (ऋग्वेद), ब्रह्मसर, स्यमन्तपञ्चक आदि सरोबर भएको कुरूक्षेत्रमा ३६५ तीर्थ विद्यमान। ऋग्वेद - **'तयोः कुलेषु सत्रकरणम् इति'** ३.२३.४। तयोः सरस्वती र दृषद्वती। वस्तुतः ऋग्वेदमा ५६ ठाउँ साक्षात्कार हुने नदी सरस्वती सप्तसिन्धुको एउटा प्रमुख नदी मात्र होइन, अपितु सहस्र वर्षको जीवनाश्रया नदी नै थियो ऋग्वैदिक भाषाभाषीहरूको। ऋग्वेद - **'सरस्वती वीरपत्नी धियं धात्'** ६.४९.७। अर्थात् वीरपत्नी-वीरः इन्द्रः स पतिः भर्तृस्थानीयः पालयिता वा यस्याः सा सरस्वती नदी (कालान्तरमा सरस्वती - माध्यमिका वाक्) धियम् प्रज्ञाम् धात् दधातु। संक्षेपतः सरस्वतीका किनारलाई यस्तो पवित्र पारेर बसेकाहरूका सन्तान-दरसन्तानका मार्गदर्शक पनि सूर्य नै थिए। उषालाई पछ्याउने सूर्य पूर्वतिरै छिटो उदाएर संसारलाई प्रकाश दिने हुँदा प्रातः कालीन प्रकाश वा उषाले आकृष्ट

---

१. ब्रह्मावर्तन/ब्रह्मावर्त-ब्रह्मणाम् मन्त्ररूपाणाम् स्तोत्राणाम्, आवर्तनम्-प्रवर्तनम्, इतश्चेतश्च प्रसरणम् वा ब्रह्मावर्तनम्। यसैलाई परवर्ती कालका पुराणकार, मनुस्मृतिका मनु आदिले माने ब्रह्मावर्त। ब्रह्म-वेद, आवर्त-प्रसरणस्थान। ब्रह्मावर्त-प्रदेशीय आचारलाई सार्वदेशिक आचरणका निम्ति आदर्श मान्ने मनु -

सरस्वती - दृषद्वत्योर्देवनद्योर्यदन्तरम्।
तं देवनिर्मितं देशं **ब्रह्मावर्तं** प्रचक्षते।।

यस्तै कुरुजाङ्गलमा बसेका कुरुवंशीय राजा परीक्षित् (भाग० यदा परीक्षित् कुरुजाङ्गलेऽवसत्...)-ले भर्खर-भर्खर च्याउन थालेको दुष्ट कलि (अधर्मबन्धु)-लाई ठाडै घोचो टिपेको ठाउँ

न वर्तितव्यं तदधर्मबन्धो धर्मेण सत्येन च वर्तितव्ये।
**ब्रह्मावर्ते** यत्र यजन्ति यज्ञैर्यज्ञेश्वरं यज्ञवितानविज्ञाः। भाग ०।।

पछि सरस्वती नदी सुकेपछि 'ब्रह्मावर्त' अझ पूर्वतिरको गङ्गातटवर्ती (कानपुर-उत्तरस्थित 'विठुर' नामक तीर्थको समीपवर्ती ठाउँ) क्षेत्र मानिन थाल्यो। यहाँबाट गङ्गाको गडतीर एकातिर जाँदा 'हरिद्वार' र अर्कोतिर जाँदा प्रयाग, वाराणसी जस्ता प्रसिद्ध तीर्थस्थल भेटिन्थे, पश्चिमपट्टि ३६५ तीर्थ भएको कुरुक्षेत्र थियो, ब्रह्मावर्तले ख्याति पाउन बेर लागेन।

भएर पूर्वतिरै पाइला राखे पहिला। सरस्वती नदीका पवित्र वायवीय स्पर्शले छोड्न नपाई (समीपतः) भेटियो यमुनाको प्रवाह क्षेत्र। ऋग्वेद - **'तरणिर्विश्वदर्शतो ज्योतिष्कृदसि सूर्य। विश्वमा भासि रोचनम्'** १.५०.४. अर्थात् हे सूर्य! त्वम् तरणिः तरिता अन्येन गन्तुम् अशक्यस्य महतः अध्वनः गन्ता असि। तथा विश्वदर्शतः विश्वैः सर्वैः प्राणिभिः दर्शनीयः। तथा ज्योतिष्कृत् प्रकाशस्य कर्ता। विश्वम् सर्वम्दृश्यजातम्, रोचनम् रोचमानम् दीप्यमानम् यथा भवति तथा आभासि प्रकाशयसि। **सूर्यो देवीमुषसं रोचमानां मर्यो न योषामभ्येति पश्चात्।** १.११५.२। अर्थात् सूर्यः देवीम् दीप्यमानाम् उषसम् पश्चात् अभि एति उषसः प्रादुर्भावानन्तरम् अभिलक्ष्य गच्छति। दृष्टान्तः - मर्यः न योषाम्, यथा कश्चित् मनुष्यः शोमनावयवाम् गच्छन्तीम् युवतिम् स्त्रियम् सततम् अनुगच्छति, तद्वत्।

पाँचौँ टुक्रो - **यमुना गङ्गा प्रवाहक्षेत्र :** पछिका कुरु (यस राज्यको पूर्वाञ्चलक्षेत्र मात्र), पाञ्चाल, शूरसेन आदि अति शक्तिशाली राज्य स्थापित क्षेत्र। यमुनातटवर्ती इन्द्रप्रस्थ (कुरु राज्यको राजधानी) र मथुरा (शूरसेन देशको राजधानी), गङ्गातटवर्ती अहिच्छत्र/छत्रवती (उत्तर पञ्चालको राजधानी), काम्पिल्य (दक्षिण पञ्चालको राजधानी) र हस्तिनापुर (गङ्गाका दाहिने किनारमा अवस्थित प्रसिद्ध नगर) आदिले विख्यात हुन पुगेको ऐतिहासिक किंवा पौराणिक स्थल। ऋग्वेद - **'यमुनायाम् श्रुतम् प्रसिद्धम् गोसमूहात्मकम् धनम् उन्मार्जयामि, तथा अश्वसमूहात्मकम् धनम् निमार्ज्मि।'**

पाँचौँ टुक्रापछिका टुक्राहरू गन्ती गर्नतिर नलागी परवर्ती कालमा कायम हुन पुगेका पौरणिक नामका प्रसिद्ध नदनदी र स्थलहरू नै ऋग्वैदिक भाषाभाषीहरूका आवागमनका गोरेँटा एवं भेट हुने र छुट्टिने घराना (वंश-परम्परा)-का दोभान, सङ्गम वा त्रिवेणी परेका क्षेत्र थिए, साथै यमुना-गङ्गाको प्रवाह क्षेत्र सर्वविदित मध्यस्थ स्थान हो भनेर यो लेख छोट्याउनतिर लागौँ होला।

(क) **यमुनापारिको गाङ्गेय क्षेत्र :** यमुना नदीको जल मार्जन, उन्मार्जत आदि गर्दै बितेका कति पुस्ताका पुस्ता पछि गङ्गाजल आचमन गर्न पुगे - **'हे गङ्गे! मदीयम् स्तोत्रम् श्रृणुहि'** (१०.७५.५)। यमुनापारिको गाङ्गेय क्षेत्र वा पछिको कान्यकुब्ज (कन्नौज) र यसका उत्तरपट्टि गङ्गातटवर्ती काम्पिल्य, अहिच्छत्र कुशावर्त, गङ्गाद्वार/हरिद्वार, हृषिकेश, गुप्तकाशी, ब्रह्मतीर्थ वा ब्रह्मकुण्ड, सात प्रयाग अर्थात् विष्णु प्रयाग (विष्णुगङ्गा अलकनन्दा नदीसङ्गम क्षेत्र), कर्ण प्रयाग (अलकनन्दा - पिण्डार नदीसङ्गम), रूद्र प्रयाग (मन्दाकिनी - अलकनन्दा सङ्गम), नन्द प्रयाग (नन्दका - पिण्डार सङ्गम), देव प्रयाग (अलकनन्दा - भागीरथी नदी सङ्गम) आदि र दक्षिणपट्टि प्रयाग, काशी आदि तीर्थस्थलका घडेरी छुट्ट्याई अनि कान्यकुब्जका घडेरीलाई पछि गएर एउटा सुसम्पन्न, आदर्श राष्ट्र बन्न सक्ने आशीर्वाद **राष्ट्राय वर्तय** प्रदान गरी कुनै हाँगो सीधै यमुनासहितको गङ्गा बगेतिरै लाग्यो भने कुनै चाहिँ शिर र मध्यभाग

(कर्णाली वा सरयू प्रस्रवण क्षेत्र)-बाटै छरिन पुग्यो। गङ्गाका विविध पौराणिक नामले प्रवाहित नदीहरूको पवित्र क्षेत्र अर्थात् रामगङ्गा (नैनीताल), केदारगङ्गा (गढवाल), मन्दाकिनी, जाह्नवी, विष्णु गङ्गा, भागीरथी, अलकनन्दा आदिका पुण्यक्षेत्र उपभोग गरेपछि कति घराना त्यहीँ बसे भने कति अघि बढे। गङ्गामा मिसिन आइपुग्ने नदनदीहरूका गोरेँटा भएर।

(ख) **कर्णाली[१] वा सरयूप्रस्रवण क्षेत्र** : पर्वतीय क्षेत्रबाट बगेर आउने महाभारतीय नदी-कर्णालीमा सरयू नदी मिसिन गएपछि सरयूका नामबाट प्रसिद्धि पाएको कर्णाली-गङ्गा सङ्गमसम्मको उत्तर-दक्षिण र दक्षिण-पूर्वप्रवण प्रस्रवण क्षेत्र। कर्णाली वा सरयू-एकाधिकृत भएर गङ्गामा मिसिन पुग्ने, माथिदेखिका नदीनाला आधुनिक नाम कालिका नदी, काली नदी, काली गङ्गा, गौरी गङ्गा, महाकाली, सेती, भेरी, शारदा/सरयू वा पूर्वी राम गङ्गा, अचिरावती/राप्ती आदि नदीप्रस्रवण क्षेत्र अन्तर्गतका प्रसिद्ध पौराणिक स्थलहरूमा केही-**अयोध्या** सरयूनदी तटवर्ती। **गोप्रतारतीर्थ** सरयू- कर्णाली सङ्गमस्थित प्रसिद्ध तीर्थस्थल। **सम्भेदतीर्थ** - सरयू-तिलोदकी सङ्गम। **ऋणमोचन तीर्थ** सरयू जलस्थित प्रसिद्ध तीर्थ (अयोध्यामै)। **सहस्रधारा** - अयोध्याकै एउटा प्रसिद्ध तीर्थस्थान। उत्तर वैदिक कालका प्रमुख पौर्वात्य राज्य - कोसल, काशी, विहेद आदिमा कोसलको केन्द्रस्थल अयोध्या र प्रमुख तीर्थस्थल काशी हुन सक्ने अनेक उपादान - कारण बनी यत्रतत्र छरिए। यो प्रस्रवण क्षेत्र कालान्तरमा अनेक तीर्थस्थान वा धार्मिक, सांस्कृतिक स्थल, मोक्षदायिनी पुरी एवं प्राचीन पौराणिक नगरहरूले भरिभराउ भएको सुदर्शन द्वीप (जम्बूद्वीपको अर्को, अझ राम्रो नाम)-अन्तर्गतको पुण्यभूमि बन्यो। कारण अनेक थिए यस्तो बन्नामा, पश्चिमपट्टि शिर-पुछार नै गाङ्गेय क्षेत्रका पवित्रताले सधैँ बसिरहौँ जस्तो भएको धर्मपरायणहरूका निम्ति। अझ दक्षिण-पश्चिम र दक्षिण-पूर्वतिर भएको अर्धचन्द्राकार गाङ्गेय भू-भाग वा नारायणक्षेत्र (गङ्गा-प्रवाहदेखि चार हात मात्र परसम्मको तटीय भूमिलाई पौराणिक भाषामा भन्नुपर्दा), अझ नजिकैको दक्षिण-पश्चिमतिर गोमती नदीतटवर्ती नैमिषारण्य क्षेत्र, नैमिषा, नैमिषालय/नैमिशालय वा नैमिषीय ऋषि-मुनिहरूलाई सूतले भागवतको व्याख्या सुनाएको क्षेत्र अनि पूर्वतिर साक्षात् ऋग्वैदिक सप्तसिन्धु समानका सात नदी वा सप्तगण्डकीको प्रवाह क्षेत्रले पवित्र बनाएको शिर-पुछार भाग।

(ग) **सरित्प्रवरा चक्रनदी वा गण्डकी प्रस्रवण क्षेत्र** : उद्गम स्थान महान् हिमालय भई पछि पौराणिक कालमा नामाकरण भएका कृष्णा गण्डकी (पश्चिमतिरको काली गण्डकी), बूढी गण्डकी र त्रिशूली गङ्गा (पूर्वतिर)-को सम्पूर्ण प्रवाहक्षेत्र। किंवा दक्षिण - पश्चिम हुँदै

१. महाभारत अनुसार कर्ण (जुन नदी किनारमा बसेर कर्णले केही काल काटेका थिए)-का नाममा रहन गएको कूर्माञ्चलीय नदीनाम - कर्णाल वा कर्नाल, साम्प्रतिक नेपाल प्रदेशभित्र सीमित नदीनाम - कर्णाली/कर्नाली। कर्णाली नाम महाभारतको मात्र र ऋग्वेदकै बुभुक्षा-तृप्ति-सरयू वा भवनाशिनी रामायण, महाभारत, पुराण आदि प्राचीन - अर्वाधीन यावत् संस्कृत-वाङ्मयको नदीनाम।

प्रवाहित त्रिशूलीले बाटामा बूढी मण्डली र कृष्णा गण्डकीको पानी पाएर बृहदाकार रूप लिई पुरुषत्व कायम गर्न थालेपछि गण्डकी गण्डक नदीका नामले गङ्गामा मिसिन आइपुग्छ पाटलीपुत्र वा कुसुमपुरनेर। सहायक नदीका रूपमा गङ्गासित मिसिन आइपुग्ने गण्डक नदीको यही क्षेत्र अर्थात् गङ्गा-नारायणी (ठूली गण्डकी) सङ्गम सम्मको प्रवाह क्षेत्र नै गण्डकी प्रस्रवण क्षेत्र। दक्षिणतिरबाट गङ्गा - नदीले स्पर्श गरेको क्षेत्र हुँदा (भर्नौ भँगालिन, मूल गङ्गा क्षेत्रबाट फाटेर वा गङ्गागडतीर छोडेर यताउति (उत्तरतिर) लाग्न सजिलो भएको नदी गडतीरकै गोरेटो भेटिएको हुँदा) सम्पूर्ण गण्डक नदी प्रणाली नै पवित्र मानिने, दक्षिणतिरका गङ्गा-यमुना नदी जलाश्रयीहरूलाई सोझै उत्तरतिर र पश्चिमतिरका ऋग्वैदिक सप्तसिन्धु, यमुना, गङ्गा, गोमती, कर्णाली वा सरयू आदि नदीप्रवाह क्षेत्रकाहरूलाई पूर्वतिर आफ्ना पवित्रताले [१] आकृष्ट गरी हिमवत्खण्ड (वर्त्तमान नेपालको सम्पूर्ण क्षेत्र) तिर बिस्कुन सुकाए पाराले यत्र-तत्र सर्वत्र फिँजाउने, अमित पुण्यदायिनी (दर्शन-पान-स्नान आदिले) गण्डकीको अझ पुरानो पौराणिक नाम - चक्रनदी। पौराणिक युगमा आएर स्थापित भएका, गङ्गा-नारायणी सङ्गमस्थित प्रसिद्ध तीर्थ (वर्त्तमान पटनाकै छेउछाउ, सोनपुरस्थित) **हरिहरक्षेत्र** (विष्णु-शिवको संयुक्त तीर्थस्थान) अनि **देवाट तीर्थ** (ज्यादा गण्डकी प्रवाह क्षेत्र भित्र पर्ने) आदि स्थलका आदिमानव (तर सभ्य जाति) ऋग्वैदिक भाषाभाषीहरूका नाके डोरी वा बल्छीः गण्डक-तन्त्र। यसैले डोऱ्याउँदा वा बल्छीमा परेर उकालो बसाइँ सरी हिँड्दा अकस्मात् साक्षात्कार भयो 'अन्तः स्थलीय वाग्मती क्षेत्र' वा निवाल/कूप, कूपाकार भू-सन्निवेश। क्रौञ्च पक्षी मार्दै गरेको देखेका वाल्मीकिका मुखबाट हठात् साक्षात्कार भएको वा निस्केको थियो - 'मा निषाद' भने भर्खर पानी सुक्दै गरेका असङ्ख्य दहहरूले भरिपूर्ण, अनौठो, विलक्षण प्रकारको ठूलो खाल्डो देख्दा हठात् निस्कने नै भयो मुखबाट 'काटे निऽबालहः' दैवीवाणी। व्यक्त्याउने भाषा थिएन अर्को।

(घ) **अन्तः स्थलीय सरस्वती वा वाग्मती प्रस्रवण क्षेत्र** : विशेषत : उपत्यका भित्र सीमित सरस्वती वा वाग्मती प्रस्रवण क्षेत्रीय भू-भागको प्राकृतिक वा सरोवर सूचक नाम 'निवालकूप' र प्रमुख नदी नाम-सरस्वती, ऋग्वैदिक भाषाभाषीहरूका दसी-प्रमाण हुन् भने धर्मभीरु, पौराणिक शैलीका जातिविशेषका जीवन-पद्धतिसित सम्बन्धित नाममा प्रस्तुत

---

१. यत्र (गण्डकीतटवर्ती आश्रम - पुलहाश्रम) ह वाव भगवान् हरिरद्यापि तत्रत्यानां निजजनानां वात्सल्येन सन्निधाप्यत इच्छारूपेण। यत्र (पुलहाश्रममा) आश्रमपदानि उभयतो नाभिभिः दृषच्चक्रैः **चक्र नदी** (शालिग्रामी/गण्डकी) नाम सरित्प्रवरा सर्वतः पवित्रीकरोति। - भागवत ५.७.८-१०

गर्न सकिन्छ अद्यावधि प्रचलित नदी[१], पर्वत, पोखरी आदि प्राकृतिक वस्तुका पौराणिक नाम, नदीतटवर्ती तीर्थ वा पुरी, पुर, ईश्वर, नाथ, मण्डप, ग्राम, नीलकण्ठ, पत्तन, क्षेत्र, पर्वत, गिरि, कुण्ड, काली, विहार, तीर्थ, विनायक, धाम, स्थान, घाट, नारायण, स्तूप, चैत्य आदि शब्द गाँसिएका पौराणिक शैलीका इष्टदेवतानाम र यिनै नामले प्रसिद्ध तीर्थस्थल आदि भएका विविध क्षेत्रः वाग्मती प्रस्रवण क्षेत्र र वरिपरि वा वरपर भएका पुण्यस्थल।

## ११. ऋग्वैदिक नदीतटवर्ती केही पौराणिक नगरहरू :

नदीजल उन्मार्जन गर्दै, नदीमार्ग लिएर वा नदीतटवर्ती मात्र हुँदै समय-समयमा देशान्तरित भएका थिए ऋग्वैदिक भाषाभाषीहरू। अकाट्य प्रमाण - नदीकिनारस्थित प्राचीन

---

| | | |
|---|---|---|
| १. | **नदी** | - पौराणिक नदीनाममा वाग्मती र यसका सहायक नदीनाम - कर्मनाशा, प्रभावती, विष्णुमती (कलामती), भद्रमती, रूद्रमती, मणिमती, हनुमती र इक्षुमती। |
| २. | **ह्रद/सरोवर** | - नागह्रद, नागवासह्रद र काली ह्रद। |
| ३. | **पुरी** | - नेपालिका पुरी, कान्तिपुरी, इन्द्रपुरी, शिवपुरी, भक्तपुरी, पद्मकाष्ठ पुरी आदि। |
| ४. | **पुर** | - कान्तिपुर, कीर्तिपुर, ललितपुर, भक्तपुर, शोणितपुर, शङ्खपुर, शान्तिपुर, प्रतापपुर, मध्यपुर, हरिपुर आदि। |
| ५. | **ईश्वर** | - अनुपरमेश्वर, अवलोकितेश्वर, उन्मत्तेश्वर, कुम्भेश्वर, गोपालेश्वर, गुप्तेश्वर, गुह्येश्वर, गोभ्राटेश्वर, मानेश्वर, मृगेश्वर, रत्नेश्वर, लोकेश्वर, विजयेश्वर आदि। |
| ६. | **ईश्वरी** | - गुह्येश्वरी, चण्डेश्वरी, श्रीमन्मानेश्वरी आदि। |
| ७. | **मण्डप** | - काष्ठमण्डप, महामण्डप, मणिमण्डप, सुवर्णमयमण्डप। |
| ८. | **तीर्थ** | - पञ्चलिङ्गतीर्थ, गोमतीतीर्थ, हनुमत्तीर्थ , मातातीर्थ, गोश्रृङ्गतीर्थ आदि। |
| ९. | **ग्राम** | - हाडिग्राम, आदिग्राम, भक्तग्राम, कोलीग्राम, मत्स्यग्राम, दक्षिणकोलीग्राम, यूपग्राम, देग्राम/देवग्राम आदि। |
| १०. | **विनायक** | - सूर्यविनायक, जलविनायक, अशोकविनायक, चन्द्रविनायक, सिद्धिविनायक आदि। |
| ११. | **क्षेत्र** | - पशुपतिक्षेत्र, वासुकिक्षेत्र आदि। |
| १२. | **पर्वत** | - कच्छपालपर्वत, मणिचूडपर्वत, मणिधातुपर्वत। |
| १३. | **गिरि** | - पद्मकाष्ठगिरि, दोलागिरि, धान्यगिरि, चन्द्रागिरि। |
| १४. | **नाथ** | - पशुपतिनाथ, मत्स्येन्द्रनाथ, गोरखनाथ। |
| १५. | **भैरव** | - उन्मत्तेश्वरभैरव, कालभैरव, व्याघ्रभैरव आदि। |
| १६. | **विहार** | - जमलेश्वरविहार, मत्स्येन्द्रविहार, नागविहार, राजविहार, शिवदेशविहार, मानविहार, श्रीमानविहार, श्रीविहार। |
| १७. | **काली** | - श्वेतकाली, रक्तकाली, दक्षिणकाली, गोरक्षकाली। |
| १८. | **नगरी** | - सुप्रभानगरी, साङ्काश्यनगरी |
| १९. | **पत्तन** | - ललितपत्तन, देवपत्तन, राजपत्तन, मञ्जुपत्तन। |
| २०. | **पट्टनम्** | - ललितपट्टनम्, अशोकपट्टनम्, मञ्जुपट्टनम्, देवपट्टनम्, राजपट्टनम् आदि। |
| २१. | **चैत्य** | - अशोकचैत्य, मञ्जुश्रीचैत्य। |

युगका नगरहरू, नदीमुख - नदीसङ्गमवर्ती तीर्थस्थलहरू र पुराना राजधानीहरू, सांस्कृतिक, धार्मिक र शिक्षासित सम्बन्धित विभिन्न स्थलहरू प्रायशः नदी किनारतिरै मात्र हुनु। ओहोरदोहोर गर्दा गोरेटाहरू स्पष्ट भइसकेका थिए, पछि अझ फाँडिए, मार्ग बने, नगर बसे, राजधानी कायम भए। जस्तो -

**पुरुषपुर** - कुभा नदीको दक्षिणी किनारस्थित सांस्कृतिक केन्द्र, आधुनिक पेशावर। **पुष्कलावती** - कुभा र सुवास्तु नदीका दोभानमा स्थित, भरतपुत्र पुष्कलका नामले विख्यात नगरी, सांस्कृतिक, राजनीतिक आदि दृष्टिले महत्त्वपूर्ण। **तक्षशिला** - पुष्कलावतीका सीधा पूर्वतिर नदी किनारमै अवस्थित, विश्वविख्यात प्राचीन शिक्षाकेन्द्र, व्याकरणका विश्वविख्यात ऋषि-पाणिनि एवं राजनीति र अर्थशास्त्रका विश्वविश्रुत प्रकाण्ड विद्वान् चाणक्य आदिको पनि अध्ययन - अध्यापन केन्द्र। **प्रवरपुर** - वितस्ता नदीतट स्थित, शिक्षाकेन्द्र र राजधानीले विख्यात; विल्हण, मम्मट, रूद्रट आदि अनेक आचार्य एवं कविहरूको पनि शिक्षा-भूमि, आधुनिक नाम श्रीनगर। **शाकल**-वितस्ता र असिक्नी नदीको मध्यवर्ती क्षेत्र, त्यसैले शाकद्वीप, बौद्ध साहित्यको सागल, हिजोआज सम्भवतः सियालकोट। **ब्रह्मावर्तन** - सरस्वती र दृषद्वती नदीको मध्यवर्ती क्षेत्र, यज्ञवितानविज्ञहरूको यज्ञस्थली, धार्मिक, सांस्कृतिक, राजनीतिक आदि दृष्टिले अति महत्वपूर्ण क्षेत्र, वेदभूमि। **हस्तिनापुर** - गङ्गातटवर्ती नगर, पाण्डवहरूको राजधानी, वर्त्तमान मेरठका छेउछाउको क्षेत्र। **इन्द्रप्रस्थ** - यमुनातटवर्ती, कुरु जनपदको राजधानी, आधुनिक दिल्ली। **मथुरा** - यमुनातटवर्ती, शूरसेन जनपदको राजधानी। **कौशाम्बी** - यमुना (गङ्गासित मिसिन १५ माइल बाँकी छँदै) - तटवर्ती नगर। **प्रयाग** - गङ्गा-यमुना सङ्गमस्थित, भारतीय धर्मप्राण जनताको तीर्थस्थल। **काशी** - गङ्गातटवर्ती, वरूणा र असी ऋग्वैदिकेतर नदीमध्य स्थित वाराणसी, आर्यधर्मको केन्द्र र विद्या नगरीका रूपमा मान्यताप्राप्त, शास्त्रार्थ एवं वाद-विवादका निम्ति प्रसिद्ध। **कान्यकुब्ज** - मूलगङ्गा - रामगङ्गासङ्गम्निर्मित वैभवशाली नगर एवं गङ्गा-प्रवाहक्षेत्रभित्रको एउटा आदर्श देश, भारतीय राजनीतिको केन्द्र। **अयोध्या** - सरयू नदीतटवर्ती, इक्ष्वाकुवंशीय राजाहरूको राजधानी। **श्रावस्ती**-पौराणिक नदी-अचिरावती/राप्ती नदीतटमा अवस्थित, कोसल राज्यको प्रमुख नगर। **कपिलबस्तु** - यो नदीतटस्थित नभई पनि उत्तर भारतको पश्चिम-पूर्व राजपथ वा हैमवत पथ यसका नजिकैबाट भएर जाने हुँदा रातदिनका आवागमनले यसलाई पनि राजपथस्थित जस्तै बनाएको। **कुशावती** - पूर्वतिर गण्डक, पश्चिमतिर कपिलबस्तु र दक्षिणतिर वैशाली भएको कुशावतीको नयाँ नाम - कुशीनगर, वैदिक ब्राह्मणहरूलाई जस्तो पानीको उति आवश्यकता नपर्ने बौद्ध यात्रीहरुको पवित्र तीर्थस्थली। **वैशाली** - गण्डक नदीतटवर्ती, पश्चिम-पूर्व राजमार्गस्थित, इक्ष्वाकुवंशीय राजा विशालको नगर-विशाला। **पाटलीपुत्र** - गङ्गा-शोण नदीसङ्गमस्थित, अनेक भारतीय राजवंशहरूको राजधानी, यसका अन्य नाम-पाटलीग्राम, कुसुमपुर, पुष्पपुर, पुष्पावती, पुष्पपुरी, श्रीनगर आदि, सांस्कृतिक, शैक्षणिक, साहित्यिक र राजनीतिक इतिहासमा अन्यतम महत्त्वको।

## १२. पौराणिक पथमा अवतरित ऋग्वैदिक गोरेटाहरू :

सुदूर पश्चिम, दक्षिण-पश्चिमतिरका सप्तसिन्धु प्रदेश र सुदूर पूर्व वा पूर्वोत्तरतिर भएका सप्तगण्डकी प्रदेशका बीच ओहोर-दोहोर गर्न सकिने खालका गोरेटाहरू वा गडतीरे बाटाहरू ऋग्वैदिक कालतिरै स्पष्ट भइसकेका थिए र नै उत्तर वैदिक काल वा पौराणिक युगमा लेखिएका पुराना ग्रन्थहरूतिर, त्यसमा पनि उसै ग्रन्थको उसै अध्यायमा त्यही हातले उताका र यताका कुरा समान रूपले लेखेको पाइन्छ। ओहोर-दोहोरको माध्यम पुरानो नभई यस्तो सम्भव असम्भव। जस्तो - 'सिन्धोस्तटं चन्द्रभागां कौन्तीं काश्मीरमण्डलम्' लेख्ने हातले नै लेख्छ - 'चक्रनदी (गण्डकी)' नाम सरित्प्रवरा सर्वतः पवित्रीकरोति।' यस्ता उदाहरण असङ्ख्य पाइन्छन्। आफैं घुमेर सिन्धुतट, काश्मीरमण्डल आदिको बर्णन गर्ने आचार्यका कलमले 'नेपाल' लेख्न भुलेको छैन। यस्ता कतिपय कुराका आधारमा भन्न सकिन्छ कालान्तरमा अझ पूर्वतिर (ताम्रलिप्तिसम्म) तन्केको पौराणिक पथ (हैमवत पथ) वा उत्तरमार्ग-स्थित विभिन्न नगर, राजधानी, सांस्कृतिक, धार्मिक एवं शिक्षासित सम्बन्धित स्थलहरू हुँदै पूर्वतिर छरिने, उत्तरतिर लाग्ने, सप्तगण्डकी प्रदेश किंवा अन्तः स्थलीय वाग्मती प्रवाह क्षेत्रसम्म पुग्ने, पौराणिक पथमा अवतरित ऋग्वैदिक गोरेटाहरू सम्भवतः यस्ता पो थिए कि-

**(क)** पुष्कलावती - तक्षशिला - शाकल - मूलगङ्गा - रामगङ्गा - कालीगङ्गा हुँदै सप्तगण्डकी प्रदेशातिर।

**(ख)** प्रवरपुर (श्रीनगर) - तक्षशिला-शाकल-गढवाल मण्डल - किरातमण्डल (आजका गढवाल र कुमाऊँ) - गौरी गङ्गा तरेर।[१]

**(ग)** कान्यकुब्ज (गङ्गागडतीर) - नैमिषारण्य (गोमतीतटवर्ती) - गौरीगङ्गा - कर्णालीको दोभान भएर गडतीरैगडतीर।

---

१. नेपाल नरेश अरमुडीका देशमाथि पनि आक्रमण गर्न पुग्ने काश्मीरनरेश जयापीड पनि दलबलसहित यही बाटो भएर पूर्वतिरका कर्णाली-भेरी पार हुँदै कृष्णागण्डकीका गडतीरसम्म पुगेका थिए। पुरानो बाटो ओहोर-दोहोर हुन्थ्यो र नै सुइँको पाएका थिए नेपाल नरेशको।

सम्भवतः तिनताका (उत्तर वैदिक कालमा) तक्षशिला पढ्न जाने यताका वा हिमवत्क्षेत्र (वर्त्तमान नेपालको पश्चिमी प्रान्त)-तिरका विद्यार्थीहरू पनि यही पुरानो बाटो भएर जान्थे। यति लामो बाटो हिंड्दा अनि विद्यालयमा बसेर पढ्दै पनि चाहिने, विविध प्रकारले बुनेका ऊनीका ताता लुगा लगाएर अनि राडी, घुमराडी आदि बोकेर जान्थे। यस्तै वस्त्रहरूले नै छुट्टिन्थे यतातिरबाट गएका र ब्रह्मावर्त, कान्यकुब्ज, इन्द्रप्रस्थ, मथुरा आदि क्षेत्रबाट आएकाहरू। अनुहारले छुट्टिने कुरो आएन। भाषा पनि एउटै थियो वा यहाँ आएपछि एउटै भाषा बोल्नुपर्थ्यो। यस्तै मायालाग्दा नेपालखण्डका विद्यार्थीहरूका ऊनी वस्त्रको बुनाइ/बुनोट झलझली देखेका, तक्षशिलाका तत्कालीन प्राचार्य कौटिल्यले गान्धर्वी ऊन (ऋग्वेदमै पनि यसको विशद चर्चा भएको पाइन्छ। जस्तो - 'सर्वाहमस्मि रोमशा गन्धारीणामिवाविका १.१२६.७। अर्थात् अविका - भेडी, भेडीऊन।)-का भेदसितै नेपालमा तयार हुने वा भएका ऊनीवस्त्रको चर्चा गरेका छन्। यहाँ कुरो छैन काँचो ऊनको। व्यापारबाट थाहा पाएका भए ता काँचो, नकातेका ऊनको प्रकार पो बताउने थिए त नढाँटी। लेखेका छन् स्पष्टसित -

**(घ)** कान्यकुब्ज - गोमती-सरयू-श्रावस्ती हुँदै अचिरावतीको किनार।

**(ङ)** कान्यकुब्ज - प्रयाग - वाराणसी - पाटलीपुत्र - वैशाली हुँदै गण्डकगडतीर।

**(च)** कान्यकुब्ज-प्रयाग-गङ्गा-सरयूको दोभान हुँदै उकालो।

**(छ)** ब्रह्मावर्तन (सरस्वती-दृषद्वती) - यमुना-गङ्गासङ्गम-गङ्गा-गण्डकसङ्गम-गण्डकी-त्रिशूलीको दोभान हुँदै।

**(ज)** ब्रह्मावर्तन - इन्द्रप्रस्थ-हस्तिनापुर-कूर्माञ्चल क्षेत्र हुँदै।

**(झ)** ब्रह्मावर्तन (कुरु राज्य) - मथुरा (शूरसेन प्रदेश) - काम्पिल्य (पाञ्चाल) - अयोध्या (कोशल राज्य) - कौशाम्बी (यमुनातटवर्ती) - प्रयाग - काशी - पाटलीपुत्र - वैशाली हुँदै विदेहतिर।

**(ञ)** वैशाली-कुशावती-कपिलवस्तु-श्रावस्ती हुँदै राप्तीको प्रवाहक्षेत्र।

---

**'शुद्धं शुद्धरक्तं पक्षरक्तं च आविकम्। खचितम्, वानचित्रम्, खण्डसङ्घात्यम्, तन्तुविच्छिन्नम्च।'** अर्थात् खचितम् - बेलबुट्टे। वानचित्रम्-नानातरहका फूल हानेर तानमा बुनेको। खण्डसङ्घात्यम् - ससाना टुक्रे ऊनी धागो जोडेर बुनेको अनेक किसिमको बुनाइ। तन्तुविच्छिन्नम् - जालीदार।

तिनै आफ्ना विद्यार्थीहरूका ऊनी बस्त्र ओल्टाईपल्टाई राम्रो सित हेरेका, **'प्लोति' गन्ती गरेका, कस्तो** चाहिँ कुन काममा लाग्ने आदि थाहा पाएका प्राचार्यलाई सजिलै भयो वर्णन गर्न - **'अष्टप्लोतिसङ्घात्या कृष्णा भिङ्गिसी वर्षवारणम्, अपसारक इति नैपालकम्।'** भिङ्गिसी - घुमराडी जस्तै तर घुमको पुरै काम दिने (वर्षवारणम् - पानी वा झरी पुरै ओतिनुपर्‍यो, घुमराडीले अलि-अलि मात्र ओत्छ।) तर 'अष्टप्लोति'-को हुँदा त घुमराडीले पनि पुरै ओत्छ। अपसारक - झुम्कादार, झल्लरीमल्लरी।

आदितः नेपालखण्डका विद्यार्थीहरू तक्षशिला पढ्न यही बाटो भएर जान्थे भन्ने कुरो मैले केका आधारमा लेखें भने नेपालबारे संस्कृतमा लेखिएका प्राचीनतम ग्रन्थहरू 'काशी' भन्दा हजारौं वर्ष जेठा हुन्, यिनताका यस खण्डतिर कुनै विद्यालय तक्षशिलाका दाँजामा आउन सक्ने भएको सुइँको पाइन्न। अनि को हुन सक्थे ती ग्रन्थहरूका प्रणेता तक्षशिलाका देन न भएर अरू? विद्या-क्षेत्रमा काशीले ख्याति पाउनुभन्दा कति शताब्दी अघि नै नेपालमा सभ्यता आइसकेको थियो ऋग्वैदिक भाषाभाषीहरूका सम्पर्कले गर्दा। तक्षशिलाको विद्या-वैभव काशीतिर सर्नाको कारण धेरै पछिको देखिन्छ। भागवत -

(क) सिन्धोस्तटं चन्द्रभागां कौन्तीं काश्मीरमण्डलम्।
भोक्ष्यन्ति शूद्रा व्रात्याद्या म्लेच्छाश्चाब्रह्मवर्चसः।।

(ख) असंस्कृताः क्रियाहीना रजसा तमसावृत्ताः।
प्रजास्ते भक्षयिष्यन्ति म्लेच्छा राजन्यरूपिणः।।

यस पछि त पूर्वतिर यमुनागडतीर प्रयागसम्म आउँदै कान्यकुब्जको बाटो (गङ्गागडतीर) उकालो लाग्ने प्रवृत्तिकाहरूको पनि मन प्रयागबाट सीधा पूर्वतिर फर्किंदा 'काशी'-ले मौका पाएको हो फस्टाउने। यसभन्दा अघि त यो गङ्गाकिनारको क्षेत्र भएर पनि उपेक्षित नै थियो। प्रयाग भने सरस्वती-यमुना-गङ्गा आदिको सङ्गमक्षेत्रका नाताले अघिनै दर्ता भइसकेको थियो तीर्थस्थलमा।

---

## भित्री पाताबाट

| ऋग्वैदिक उच्चारण | लौकिक संस्कृतमा |
| --- | --- |
| निऽबालहः | निवालहः /निवालः |
| V | V |
| निऽवालः/नीवालः | निवाल/नीवाल (भाषावंशावली) |
| V V | V V |
| नीवालः/नेबालः | नीवाल/नेवाल ( " ) |
| V V | V V |
| नीबालः/नयबालः | नीवाल/नयवाल ( " ) |
| V V | V V |
| नीपालः/नेपालः (प्रा० /पौरा० ध्वनि-प) | नीवाल/नेवाल (प्रा० पञिका णीवाल/णेवाल) |
| V V | V V |
| नेपालः/नैपालः (पौराणिक रूप) | नेवाल/नैवाल (भाषावंशावली) |
| V V | V V |
| नैपालः/नयपालः (पौराणिक शैलीका रूप) | नैवाल/नवाल ( " ) |
| V | V |
| नेपालः (वेद भगवान्को आँखो) | नेवाल (कूपसरिको खाल्डो, खन्चेटार) |
| \| | \| |
| नेपालः (कूपाकार भू-सन्निवेश) | नेवाल (कूपाकार भू-सन्निवेशका रैथाने) |
| \| | \| |
| नेपालः (ललिता देवीका ५१ पवित्र पीठस्थानमा एक पीठस्थान) | नेवाल (नेपालको प्रायः शहरी क्षेत्रमा बसोबास गर्ने एक प्रसिद्ध जाति) |
| V | V |
| नेपार (रलयोरभेदः, नेपालका रैथाने किरातहरूका एक उपजातिको नाम।) | नेवार (रलयोरभेदः) |
| V | V |
| | नेवाः/नेवा ('र'-को विसर्ग वा लोप) |

नेपाः/नेपा, निपा/निप (असंस्कृत जिब्राले शुद्ध ऋग्वैदिक ध्वनि 'ल'-को उच्चारण गर्न नसक्दा बनेका विकृत रूप।)